# नयाँ शक्ति



खिमलाल देवकोटा

# विषय सुचि


लेखकीय ____ i

मन्तव्य ____ ii

१. विषय प्रवेश ____ १

२. विश्व राजनीतिमा वैकल्पिक विचार ____ २

३. दार्शनिक आधारमा वैकल्पिक विचार ____ ३

४. आजको मार्क्सवाद र साम्राज्यवाद ____ ३

५. आजको वर्ग विश्लेषण ____ ४

६. नेपाली सन्दर्भमा वैकल्पिक विचार बहसको आरम्भ ____ ७

७. नेपाली समाजमा वैकल्पिक विचार सहितको नयाँ शक्तिको औचित्य ____ ९

नयाँ चक्र आरम्भ ____ ९

नयाँ गन्तव्य नयाँ शक्ति ____ १०

आधार वदल्न नयाँ शक्ति ____ १०

नेपाली राष्ट्रियताको वोधगम्य व्याख्या ____ १०

नयाँ शक्ति नयाँ विचारः नयाँ संस्कार,आचार व्यवहार ____ ११

नयाँ आशावादिताको नयाँ किरण नयाँ शक्ति ____ १२

नयाँ शक्ति निर्माणको आधार, अन्तरविरोधको पहिचान र सोको समाधान ____ १२

अन्तरविरोध हल गर्न आवश्यक पर्ने नीतिःआर्थिक ____ १३

प्रत्यक्ष लोकतन्त्र चुनिएको नेतृत्व ____ १४

सवैको स्वामित्वमा निर्माण भएको कार्ययोजना ____ १५

नयाँ शक्ति स्वयंसेवी राजनीति ____ १५

८. संक्षेपमा नयाँ शक्ति ____ १६

९. नयाँ शक्तिको ध्येय ____ १६

१०. समकालिन विश्वका वैकल्पिक विचारका वहसहरु ____ १८

अनुसुचि १ नयाँ शक्ति निर्माण अभियान ____ २५

अनुसुचि २ नयाँ शक्ति निर्माण अभियन्ताहरुका लागि प्रारंभिक आचार संहिता ____ ३०

सन्दर्भ सामाग्री सुचि ____ ३७

## लेखकीय

यतिवेला नयाँ शक्तिको वहस चर्चामा छ । नयाँ शक्ति के हो ?के हैन ? भन्ने वारेमा समान्य वोलिचालीको भाषामा जनसमक्ष प्रस्तुत गर्नु र वहसलाई सार्थक, रचनात्मक र परिणाममुखी तुल्याउनु नयाँ शक्ति निर्माण अभियानको एक अभियन्ता हुनुका नाताले आफनो कर्तव्य सम्भmी यो हाते पुस्तिका तयार गरेको हु । वास्तवमा नयाँ शक्ति नयाँ विचार संस्कार र व्यवहार सहितको नयाँ वैकल्पिक विचारको अभियान हो । नेपाली राजनीति संविधानसभावाट संविधान भन्ने एउटा चक्र पुरा गरी नयाँ चक्र आरम्भ गर्नु पर्ने अवस्थामा छ । यो सन्दर्भमा आर्थिक क्रान्तिको विधिवत आरम्भ गर्नु अनिवार्य जस्तै भएको छ । समकालिन विश्वमा समाजवादका कमजोरीको वस्तुनिष्ठ समिक्षा गर्दै त्यसमा रहेका कमि कमजोरीहरुलाई पुर्ति गर्न र सो सन्दर्भमा उदारवादका वैयक्तिक महत्व र सत्वलाई याथोचित ख्याल गर्ने सन्दर्भलाई आत्मसात गर्ने गरी समाजवादी धाराकै नयाँ र वैकल्पिक विचारले आकार ग्रहण गरिराखेको छ । नेपाली राजनीति  विद्यमान राजनैतिक पार्टी संरचना र संगठन, तिनको नेतृत्व चयन प्रणाली र पार्टी संचालन विधि एवं व्यवहारवाट मानिसहरु वाक्क दिक्क परेका छन् भने समाजले नयाँ आशा र विश्वास सहितको विकल्प खोजिराखेको छ । यही अभावलाई पुर्ति गर्नु नयाँ शक्तिको उद्देश्य हो ।
नयाँ शक्ति नयाँ आशा र विश्वासको पर्याय हो । नयाँ शक्ति आर्थिक सम्वृद्धिको नयाँ खाका हो । यिनै पवित्र उद्देश्यका साथ अभियानको आरम्भ भएको हो र यसको औचित्य, आवश्यकता र महत्व वढदो छ। साथै अन्तराष्ट्रिय स्तरमा पनि यसको वहस र अभ्यास सफलतापुर्वक भैरहेको छ । यी र यस्तै विषयहरु समेतको संक्षिप्त जानकारी दिने प्रयत्न यो हाते पुस्तिकाको हो ।

नयाँ शक्तिको वहस नेपाली सन्दर्भमा नयाँ हो भर्खर आरम्भ भएको यो प्रकृयाले अभियान मार्फत आकार ग्रहण गर्दैछ । यसैले यो वहस केवल अभियन्ताहरुको मात्रै हैन सवैको हो । सवै यो वहसमा सहभागी वनी आफनो स्वामित्व र अपनत्व स्थापित गर्न पनि विशेष आग्रह गर्दछु । वसहकै क्रममा रचनात्मक सुझाव र सल्लाहको सदैव स्वागत गर्ने वाचा पनि गर्दछु ।

हाते पुस्तिका तयार गर्न उत्प्रेरित गर्ने र पाण्डुलिपि हेरी मन्तव्य लेखिदिनुभएकोमा पुर्व प्रधानमन्त्री तथा नयाँ शक्ति निर्माण अभियानका प्रमुख अभियन्ता डा बाबुराम भटटराईप्रति आभार व्यक्त गर्दछु ।
१३ पौष २०७२

खिमलाल देवकोटा
अधिवक्ता/पुर्व सभासद
तथा
नयाँ शक्ति निर्माण अभियन्ता

# मन्तब्य

नयाँ शक्ति निर्माण अभियानबारे सर्वत्र चासो बढिरहेको बेला स्थापित बौद्धिक व्यक्तित्व खिमलाल देवकोटा लिखित र संकलित यो परिचयात्मक पुस्तिका उपयोगी सामगीका रुपमा जनसमक्ष आएको छ । छोटो अवधिमा नै जनजिब्रोमा गडिसकेको 'नयाँ शक्ति' के हो र के हैन भन्ने बुझ्न सरल भाषामा लेखिएको यो पुस्तिका अत्यन्त उपयोगी र सान्दर्भिक रहेको छ ।

देशमा सय भन्दा बढी साना/ठूला राजनीतिक दलहरु विद्यमान रहेको अवस्थामा अर्को एउटा 'शक्ति'को के औचित्य र आवश्यकता हुनसक्छ भन्ने प्रश्न विल्कुल स्वाभाविक र जायज छ । त्यसैले सबभन्दा पहिले प्रष्ट हुनुपर्ने कुरा के हो भने प्रस्तावित नयाँ शक्ति पुरानै विचार, कार्यदिशा, संगठन र शैलीको निरन्तरतामा अर्को एउटा पार्टी नभएर नयाँ विचार, नयाँ राजनीतिक कार्यदिशा, नयाँ संगठनात्मक पद्धति र नयाँ शैली/आचरण सहितको वैकल्पिक राजनीतिक शक्ति हो । लेखकले अहिले विश्वमा भैरहेका विभिन्न वैकल्पिक राजनीतिक धारको खोजीको राम्रो सन्दर्भ सामग्री सहित त्यसको पुष्टी गर्ने प्रयत्न गर्नुभएको छ ।

नेपाली इतिहास वि.सं. १९९७ सालको प्रजापरिषद् काण्डदेखि २०७२ आश्विन ३ गते संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएको दिनसम्मको ७५ वर्षसम्म राजनीतिक लोकतन्त्रको प्राप्तिको संघर्षमा केन्द्रित रह्यो । त्यसैले अहिलेसम्मका प्रजापरिषद्देखि नेपाली कांग्रेस, एमाले, एमाओवादी र अन्य क्षेत्रीय दलहरु सम्मका राजनीतिक शक्तिहरुको चरित्र र स्वरुप मूलतः पुरानो राज्य संरचना ध्वंश गर्ने प्रकृतिका नै रहे । तर अब देशको प्रमुख ऐतिहासिक कार्यभार तीव्र आर्थिक-सामाजिक रुपान्तरण सहित समृद्ध नयाँ नेपालको निर्माण गर्नु हो । स्वभावतः पुरानोको ध्वंश गर्ने र नयाँको निर्माण गर्ने चरणमा राजनीतिक शक्तिहरुको सोंच, नीति कार्यक्रम, संगठनात्मक पद्धति र कार्यशैलीमा गुणात्मक अन्तर हुन्छ र हुनुपर्दछ । जसरी एउटा उद्देश्य निम्ति बनाइएको औजारले अर्को उद्देश्य पूरा गर्न सक्दैन त्यसरी नै एउटा ऐतिहासिक चरणमा भिन्न उद्देश्य निम्ति बनेको राजनीतिक शक्तिले अर्को ऐतिहासिक चरणको भिन्न उद्देश्य पूरा गर्न सक्दैन । प्रस्तावित नयाँ शक्तिको मूल औचित्य र आवश्यकता यही हो ।

विचार र दर्शन समाज र मानवीय चेतनाको विकास सँगसँगै निरन्तर विकसित र परिमार्जित भैरहन्छन् । धर्मशास्त्र र अन्धविश्वास मात्रै सधैं एकनाश रहन्छन् । व्यक्तिको निजत्वलाई प्रधानता दिने बजार निर्देशित उदारवाद (पूँजीवाद) र सामूहिकतालाई

प्रधानता दिने राज्य निर्देशित समाजवाद दुवै एक्काइसौं शताब्दीको शुरुसम्म आइपुग्दा गम्भीर संकटमा पर्दै गएका छन् । नेपालको ठोस सन्दर्भको कुरा गर्दा यहाँ भर्खरै सामन्ती निरंकुशतन्त्रको अन्त्य भएर उदारवादी लोकतन्त्र र पूँजीवादी अर्थतन्त्रको अभ्यास शुरु भएको छ र समाजवादी आदर्श मूलत: भावनात्मक लगावमा सीमित रहेको छ । त्यसैले राष्ट्रिय औद्योगिक पूँजीको विकास/विस्तार गर्दै समुन्नत समाजवादको आधार निर्माण गर्ने नेपाली राजनीतिको प्रमुख तत्कालीन कार्यभार रहेको छ। यसैका निम्ति उपयुक्त विचारको विकास र प्रयोग गर्नु आजको आवश्यकता हो । यसका लागि दोस्रो विश्वयुद्धपछिको राष्ट्रिय मुक्ति आन्दोलनको क्रममा निर्मित 'कांग्रेस', साठीको दशकमा चीनियाँ साँस्कृतिक क्रान्तिको क्रममा बनेको 'मा-ले' र असीको दशकपश्चात जन्मिएको 'माओवादी'को ब्रान्ड नाउँ अझै केही लोकप्रिय रहे पनि तिनको ऐतिहासिक सान्दर्भिकता समाप्त भएको स्वीकार्नै पर्ने हुन्छ। भित्री गुदीतत्व र विशिष्ठ ऐतिहासिक सन्दर्भ बिर्सेर पुराना ब्रान्ड नाउँ मात्र भजाउनु चरम मौकापरस्तता हुन्छ। यसै बीचबाट नयाँ शक्तिले नयाँ विचारको संश्लेषण गर्नुपर्ने हुन्छ ।

विशाल चीन र भारतको बीचमा चेपिएको विशिष्ठ भू-राजनीतिक स्थिति, देशभित्र विद्यमान वर्गीय-जातीय-क्षेत्रीय-लैंगिक-साँस्कृतिक विविधता आदिलाई मध्यनजर गर्दै नयाँ शक्ति निर्माण अभियानले प्रारम्भिक कार्यभारको रुपमा ५'स' (राष्ट्रिय स्वाधीनता, समावेशी-समानुपातिक-सहभागितामूलक लोकतन्त्र, समतामूलक समृद्धि, सदाचार-सुशासन र समृद्ध समाजवाद) लाई ग्रहण गरेको छ। साथै नयाँ शक्तिको समग्र निर्माण प्रक्रिया पनि सहभागितामूलक ढंगले हुनेछ। ठूलो बहस र संघर्षको बीचबाट नै नयाँ शक्तिको जन्म हुने निश्चित छ । यसैका लागि आधिकारिक रुपले नयाँ राजनीतिक शक्तिको निर्माण र घोषणा हुनुपूर्व व्यापक राष्ट्रिय र अन्तर्राष्ट्रिय अभियान सञ्चालन गर्ने निर्णय भएको छ ।

त्यो महान् बहस र लामो अभियानमा सहयोगी हाते पुस्तिकाको रुपमा यो प्रकाशन सबैलाई उपयोगी हुने मैले विश्वास लिएको छु ।

२०७२ पौष १०

डा. बाबुराम भट्टराई
पूर्व प्रधानमन्त्री
तथा नयाँ शक्ति निर्माण अभियन्ता

## १. विषय प्रवेशः

नयाँ शक्ति राजनैतिक पदावली हो । राजनीति समाज वदल्ने साधन हो । समाज निरन्तर गतिमा छ । जव समाज वदलिदै जान्छ, वदलिदै गएको सापेक्षतामा समाज सम्वद्ध सवै अवयवहरु वदलिन जरुरी छ । समाज वदल्ने साधन वनेको राजनीति झन छिटो वदलिन जरुरी छ । समाज वदलिने, समाज वदल्ने साधन राजनीति नवदलिने हो भने त्यो समाज वदलावको साधन भनिएको राजनीतिको औचित्य आफै समाप्त भएर जाने छ । समाज वदलिने राजनीति नवदलिने हो भने त्यो राजनीति धर्मशास्त्र वन्ला, कुनै धार्मिक गुठी वन्ला वा व्यवसायीक वा व्यापारिक प्रतिष्ठान त वन्ला समाज वदल्ने साधन वन्न कठिन छ । त्यसैले समाजको वदलाव संगै राजनीतिमा वदलाव जरुरी छ । यसकारण सामन्य र नियमितताको वदलाव त छदैछ त्यसमा पनि खास खास वेलामा समाजमा आएको आधारभुत परिवर्तनका वखत राजनीतिमा पनि आधारभुत वदलावको खाचो छ । समाजमा आएको आधारभुत वदलावका वखत पनि राजनीतिले निरन्तरतामा रमाउने काम गरयो भने त्यो राजनीतिलाई समाजले चिन्दैन वा समाजले त्यो राजनीतिलाई छाडिदिन्छ अनि राजनीति विकृति र विसंगतिको साधनमात्र वन्दछ समाज वदल्ने साधन कायम रहन सक्दैन । समाज विकासले फडको मारेकावेला राजनीतिले फडको मार्न सकेन भने त्यो राजनीतिले आफनो अन्त आफै घोषणा गर्नु वाहेक अर्को कुनै विकल्प वाकी रहने छैन । यो मान्यतालाई स्वीकार गर्ने हो भने समाजको निरन्तर विकासका वखतमा राजनीतिको नयाँ पन र समाजले फडको मारेका वेला राजनीतिले फडको मार्ने गरी नयाँ शक्तिमा रुपान्तरण आजको यथार्थ हो । यो यथार्थलाई स्वीकार गर्नेहरु अस्तित्वमा रहने र स्वीकार गर्न नसक्नेहरु विलाएर जाने निश्चित प्राय छ ।

नयाँ शक्ति भन्नासाथ पुरानो शक्तिको प्रसंग आईहाल्छ । पुरानो नभै नयाँ हुदैन । अर्थात पुरानोको उपस्थितिमा मात्रै नयाँको अस्तित्व र औचित्य दुवै पुष्टि हुने हो । जव पुरानोबाट सन्तुष्टि हुदैन पुरानोले सफलता हात लाग्ने ल्याकत राख्दैन तव नयाँको खोजी हुन्छ । पुरानोलाई नयाँ वन्न समय र परिवेश दुवैले अव्हान गर्दछ तर पुरानो नयाँ वन्ने यो आव्हानलाई सहजताकासाथ स्वीकार गर्न तयार हुदैन । तव पुरानोलाई छाडेर नयाँ वन्न चाहनेहरु स्वत आफनो यात्रा तय गर्न वाध्य हुन्छन् सो वाध्यता विल्कुल स्वभाविक पनि हुने गर्दछ । यो तर्कमा सहमति हुने हो भने विद्यामान शक्तिको असफलता अकर्मण्यता र अयोग्यता नै पुरानो शक्तिको विस्थापन र नयाँ शक्तिको स्थापनाको औचित्य आधार र कारण वन्ने गर्दछ ।

नयाँ शक्ति विद्यामान पुराना शक्तिको विकल्प हो । यो एक प्रकारको वैकल्पिक धार हो । जव पुरानो संस्थापनाले काम गर्दैन तव नयाँ विकल्पको खोजी अपरिहार्य जस्तै वन्दछ । यो अपरिहार्यता प्रत्येक प्रशंगमा आउछ । राजनीति यस विषयको अपवाद हुन सक्दैन । राजनीतिमा पनि नयाँ विकल्पको खोजी हुन्छ नयाँ वैकल्पिक शक्तिको स्थापना हुन्छ ।

विज्ञानमा सधै विकल्पहरु हुन्छन तर धर्मशास्त्रमा हुदैनन । विज्ञानमा एक पछि अर्को अनुसन्धान र अर्को विकल्पको खोज र विकासको आवश्यकता वोध सदैव रहन्छ ।

विकासको अनिवर्यता विज्ञानको सुन्दरता पनि हो । धर्मशास्त्रमा विकल्पको प्रश्न रहदैन । विज्ञान मध्यको पनि समाज विज्ञान समाज विकासको पक्षसंग वढी सान्दर्भिक हुन्छ । राजनीति समाज विज्ञान हो । समाज विज्ञानको प्रयागशाला सामाज हो । समाज गतिमा छ । तिव्रतामा यसको विकास भैराखेको छ । तिव्रतामा समाजको विकास भैरहदा समाजका अवयवहरु पनि पविर्तित भएका हुन्छन् । जव समाजका अवयवहरु परिवर्तित भैरहन्छन् तव समाज विज्ञानको विकास अपरिहार्य ठानिन्छ । समाज विज्ञान र सो परिक्षण गर्ने प्रयोगशाला वीचको तालमेल उचित मात्रमा भए पछि मात्रै त्यसले ठीक परिणाम ल्याउने गर्दछ । त्यसैले वदलिएको समाज र वदलिएको समाजको चरित्रका आधारमा सामाजिक विज्ञानको परिक्षण गर्न जरुरी छ । यो परिक्षणमा खरो उत्रने विज्ञानले मात्रै समाजलाई अग्रगामि दिशामा अघि वढाउन मदत गर्नेछ ।

वैकल्पिक विचारको मकसद भनेको विचार संस्कार र संस्कृतिमा विकल्प दिनु हो । समाजमा विद्यामान समस्याहरुको समाधान गर्न प्रचलित राजनैतिक शक्तिहरु असफल भैरहेको सन्दर्भमा सफलताको शुत्र सहित प्रस्तुत हुने शक्ति नै नयाँ र वैकल्पिक शक्ति हो । वैकल्पिक विचारले विगतका र विद्यामानका असफलताहरुबाट पाठ सिक्दै तिनलाई नदोहोरयाउने संकल्प गर्दै समाजका अन्तरविरोधहरुको हल गर्ने कार्यभार पुरा गर्न पर्दछ । यति महत्वको ऐतिहासिक कार्यभार सम्पन्न गर्न वैकल्पिक विचारका रुपमा नयाँ शक्ति र नयाँ शक्तिलाई सफल र सार्थक तुल्याउनकालागि तदनुकुलको कार्ययोजना समाजले अपेक्षा गरेको छ ।

## २. विश्व राजनीतिमा वैकल्पिक विचारः

कुनैवेला विश्व दुई ध्रुविय थियो यतिवेला विश्व एक ध्रुविय भयो भन्ने भनाईहरु पनि छन तर वास्तवमा विश्व एक ध्रुविय नभएर वहुध्रुविय भएको छ । यति हुदा हुदै पनि अमेरिका अहिलेको समकालिन विश्वको महाशक्ति हो । उसको शासन संचालन गर्ने र्दशन केही अघिसम्म पुजिवाद भए पनि अहिले आएर क्रिश्चियानिटि वनेको छ । विश्वस्तरमा त्यसलाई प्रतिवाद गर्ने ईस्लामिक स्टेट जन्मिएको छ । पुजिवादको विकल्पमा आएको मार्क्सवाद आफनो मार्गदर्शक सिद्धान्त मान्दै आएका मुलुकहरु मध्यको चीन यतिवेला उसको शासन गर्ने आधार अन्तराष्ट्रिय व्यापारलाई वनाएको छ । मार्क्सवादलाई अस्वीकार गर्दै New International Economic Order नयाँ अन्तराष्ट्रिय अर्थव्यवस्था भन्दै पुजिवाद र साम्राज्यवादको चरम रुप उदारवाद र नवउदारवाद सम्म पुगेको मुलुक अमेरिका केही समय अघिको आर्थिक मन्दीका वखत उसले अवलम्वन गरेको आर्थिक नीति हेर्दा उ हरेक कुराको निर्धारण वजारले गर्छ भन्ने स्थितिमा उ रहेन । वरु खुला वजारमा टिक्न नसकेका नीजि वित्तिय कम्पनीहरुलाई चीनबाट रिण सहायता वा अनुदान सम्म मागेर उद्धार गर्ने हदसम्म उ पुग्यो । र संकट परेका वेला वजारलाई पनि राज्यको संरक्षण जरुरी छ भन्ने अवस्थाको व्यवहारबाटै उसले पुष्टि गरयो । भने मार्क्सवादका कैयन सामाजिक सुरक्षा र लोककल्याणकारी योजनाहरुको सफल प्रयोग गरेर मार्क्सवाद नभनीकनै मार्क्सवादी मान्यताका कतिपय मान्यताहरुलाई अमेरिकाले अवलम्वन गरेको स्थिति हेर्दा विश्व स्तरमा नै राजनैतिक दार्शनिक संकट परेको छ । यो संकटबाट पार पाउने एकमात्र उपाय भनेको वैकल्पिक

विचारको विकास नै हो भन्ने कुरा पुष्टि भएको छ। विश्व स्तरमा रहेको अन्तरविरोधको समाधान अव पुरानै मान्यता र धारणाका आधारमा संभव छैन । त्यसकालागि नयाँ र वैकल्पिक विचार र शक्तिको खोजी गर्न जरुरी भएको छ ।

### ३. दार्शनिक आधारमा वैकल्पिक विचारः

मार्क्सवादको रक्षा विकास र प्रयोग शुत्र वाकय वनेको हो । यसको अर्थ पुरानै जाने मानेको मार्क्सवाद आजको विकसित विश्वमा जस्ताको तस्तै कामयावी हुदैन भन्ने मान्यता स्थापित नै भएको छ । भने जाने मानेको पुजिवाद अवको भुमण्डलिकृत समाजमा जस्ताको तस्तै काम लाग्दैन भन्ने कुरालाई स्वीकार गर्दै वहुराष्ट्रिय कम्पनीहरुको अवधारणाको विकास होस वा दर्शन नमिल्ने राष्ट्रहरुसंग पनि व्यपारका स्वार्थका कारणले संझौताका आधारमा सहकार्यको अवधारणा विकास गर्दै गरेको परिवेशमा पनि नयाँ र वैकल्पिक विचारको अपरिहार्यतालाई वुझ्न सकिन्छ। यसै गरी पुजिवाद जव साम्राज्यवादमा पतन भयो उदारवाद र नव उदारवादको भुमरीमा फस्यो । वैयक्तिक स्वतन्त्रताको वकालत स्वच्न्दतामा परिणत भयो। ठीक यसै गरी सामुहिकता सवैको हित  र कल्याणकारी व्यवस्था हो भन्ने समाजवाद औपचारिक सामुहिकता र जनताको हैन नेतृत्वको अधिनायकत्वमा परिणत भयो । नेतृत्वको अधिनायकतवमा परिणत भएको समाजवादी मान्यता जसले व्यक्तिका निजत्व सत्व स्वामित्व र अस्तितव क्षमता र प्रतिभालाई विल्कुल वेवास्ता गरयो। वैयैक्तिक स्वच्छन्दतामा परिणत भएको पुजिवाद सामुहिकतालाई स्वीकार गर्न ईन्कार गरयो । यस हिसावले पनि दार्शनिक हिसावले पनि नयाँ र वैकल्पिक विचारको विकास अनिवार्य भएको छ ।

### ४. आजको मार्क्सवाद र साम्राज्यवादः

आजको यथार्थ पनि मार्क्सवाद र साम्राज्यवाद नै हो। तर मार्क्सवाद प्रतिपादन भएका वखतको विश्व र मार्क्सवाद प्रतिपादन भएका वखतको साम्राज्यवादको अवस्था उस्तै छैन । हिजोको मार्क्सवाद र साम्राज्यवादको विश्वको दवदवा रहेका वखतको समाज अहिले छैन । विश्व समाज वदलिएको छ । वदलिएको विश्व समाजका आधारमा नवदलिएका मार्क्सवाद र साम्राज्यवाद आज कामयावी हुदैनन् । विज्ञान र प्रविधिको विकास र खासगरी सुचना प्रविधिको विकास यसका निर्णायक तत्व हुन्। स्वतन्त्र र परनिर्भरताको ठाउ अन्तरनिर्भरताले लिदै गएको अवस्था, परम्परागत दर्शन र राजनीतिको स्थान तत्कालिन आवश्यकता र व्यपार नीतिले लिएको अवस्था समेतले समाजलाई हेर्ने दृष्टिकोण नै वदल्न वाध्य वनाएको छ। हिजो कै दृष्टिकोण दर्शन र राजनीतिक मान्यताका आधारमा हेर्ने कोशिस गरियो भने त्यसले असफलता हात लाग्ने वाहेक केही रहेन भन्ने कुरा पनि पुष्टि भएको छ ।

हिजोको मार्क्सवाद र हिजोको साम्राज्यवाद दुवै आजकालागि जस्ताको तस्तै सफल हुदैनन । आजको मार्क्सवाद हिजोको जस्तो छैन हिजोको जस्तै रहयो भने त्यो सफल पनि हुदैन र सही पनि हुदैन । त्यही कुरा साम्राज्यवादका हकमा पनि लागु हुन्छ । साम्राज्यवाद पनि हिजो जस्तै छैन र हिजो जस्तै रहयो भने त्यो पनि सफल हुदैन । त्यसैले आजको सन्दर्भमा मार्क्सवादको विकास गर्न जरुरी छ । आजको मार्क्सवाद

भनेको आजको समाजका अन्तरविरोधहरुको समाधान गर्ने विज्ञान हुन जरुरी छ । यसो भन्दै गर्दा आजको विज्ञान र प्रविधिको विकास र सुचना प्रविधिमा आएको विकासको चरणलाई ध्यान दिन जरुरी छ ।आजको विकसित समाजको चरित्रको कुरा गर्दा एकापसमा प्रतिस्पर्धा गर्ने कुरा र प्रतिस्पर्धाबाट आफुलाई श्रेष्ठता हासिल गर्ने कुरा र यो मामलामा व्यक्तिका प्रतिभा क्षमता र योग्यताको कदर गर्ने कुरा मार्क्सवादी मान्यता भित्रै पर्दछन् । यसैगरी हिजोको साम्राज्यवाद भुगोल विभाजन गरेर प्रत्यक्ष र भौतिक उपस्थितिमा शासन गर्ने कुरा आजको साम्राज्यवादले अस्वीकार नै गरेको छ र मुद्दा विशेषमा सहकार्य र युद्ध भुगोल विभाजनको सटटा वहुराष्ट्रिय कम्पनीहरु खडा गरेर साझेदारीका हिसावले साम्राज्य भिन्न ढंगले कायम राख्ने कुराका हिसावले साम्राज्यवाद पनि वदलिएको छ ।

त्यसैले वदलिएको समाज र वदलिएको अवधारणा वदलिएको समाज र वदलिएको समाजको चरित्र समेतका आधारमा आजको मार्क्सवादको पुनव्याख्या गर्ने कुरा वा मार्क्सवादको गुदी कुरा द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी विश्वदृष्टिकोणलाई ठीक ढंगले आत्मसात गर्ने कुरा र वदलिएको समाज र समाजको चरित्रका आधारमा वदलिएको साम्राज्यवादले खडा गरेका चुनौतिहरुलाई सामाना गर्ने योजना वनाउने कुरा नै वैकल्पिक विचारको कार्यभार हो । यो कार्यभार आजको समयको माग वन्न पुगेको छ ।

## ५. आजको वर्ग विश्लेषण:

राजनीति मुलत वर्गमा आधारित हुन्छ । मानिसले मानिसमाथि शोषण गर्ने प्रथाको अन्तकालागि नै वर्गिय राजनीतिको आरम्भ भएको हो । वर्ग रहेसम्म संघर्ष हुने र वर्ग रहे सम्म शोषण पनि कायम रहने वर्गको अन्त साम्यवादमा गए पछि मात्रै हुने समाजवाद सम्म पनि वर्गहरुको अस्तित्व कायम रहने यो जटिलताका कारणले गर्दा राजनीतिको आधार भनेको वर्ग नै हो । माकर्सवादको प्रतिपादन हुदै गर्दा देखिनै शासक र शासितको अवधारणा त थियो नै त्यसलाई प्रस्तुत गर्दा ९५ प्रतिशतको हाराहारीमा शासितहरु रहने वाकी ५ प्रतिशत मानिसहरु मात्रै शासक रहने शासितहरु संगठित नहुनाको परिणाम वहुसंख्यक शासितहरु थिचो मिचोमा रहनु पर्ने भन्ने तथ्यांक राख्दै आईयो तर पछिल्लो विकासले के पुष्टि गरयो भने समाजमा शासक र शासितका विचमा पनि मध्यम वर्ग रहने र सो मध्यम वर्ग मुलत परिवर्तनका पक्षमा रहदा रहदै पनि क्रान्ति र परिवर्तनका पक्षमा भरपर्दो शक्ति हैन भनेर व्याख्या गरिदिदा सो शक्ति या त शासकको ईच्छामा परिचालित हुने वा निश्क्रिय रहेर कुण्ठा पालेर वसि राख्ने अवस्थाको सिर्जना हुन पुग्यो । विस्तारै यही वर्ग परिवर्तनकालागि निर्णायक हुन थाल्यो । कम्युनिष्ट शासन प्रणाली भएकै भनिएका मुलुकहरुमा नयाँ वर्ग विश्लेषणको तथ्यांक हेदा यो वर्ग वहुसंख्यामा नै देखिन थाल्यो भने अवको सन्दर्भमा पुराना व्याख्या यथावत कामयावी हुदैनन । नयाँ व्याख्याको खाचो छ । नयाँ व्याख्या गरिरहदा मध्यम सर्वहारा वर्गको हितकालागि मध्यम वर्गको समेत सहभागितामा सहकार्यका साथ आन्दोलनहरु अघि वढाउन उपयुक्त हुने निष्कर्षहरु प्राप्त हुन थालेका छन् ।

मार्क्सवादी र गैरमार्क्सवादी सरकारहरुको आपसी सम्वन्धको कुरा पनि यो सन्दर्भमा सान्दर्भिक देखिन्छ । चिनमा अमेरिकी लगानी अमेरिकामा चिनियाँ लगानी दुवैको लगानी सुरक्षाकालागि आपसी संझौताहरुको सन्दर्भ विशेष उल्लेखनीय छ। चिनीयाहरु विश्वको पहिलो अर्थतन्त्र हुदा पनि उ विकसित मुलुक होईन। विश्वको पहिलो अर्थतन्त्र भएर पनि उसको चिन्ता आफना जनतालाई गास वास र कपास नै उसको पहिलो प्राथमिकता र राजनीतिको पहिलो कार्यसुचि रहेको पाईन्छ। यसैगरी अमेरिका आफनो व्यापारका हितका दृष्टिले चिनसंग राम्रो सम्वन्ध वनाउन चाहन्छ । चिन र भारत जतिसुकै विवादका वावजुद पनि ठुलो परिणामको द्विपक्षीय व्यापारका स्वार्थका कारणले आपसी सम्वन्ध मजवुत वनाउदै लगेको अवस्था छ । यसो गर्नुका पछाडि सवैको आफना जनता प्रतिको उत्तरदायित्व महशुश गरेको नै पाईन्छ ।

यसो हो भने अवको सरोकार विश्व व्यापि रुपमा आएको परिवर्तित परिवेशमा वर्ग विश्लेषण को नयाँ आयामको लेखा जोख ागर्न जरुरी छ एका तिर भने अर्को तिर वास्तविकत अर्थमा आफनो समाजको वर्गहरुको अवस्था के हो ताजा तथ्यांकमा भर पर्न जरुरी छ । नेपालको सन्दर्भमा पुष्पलालका पालाको नेपाली समाजको चरित्र वदलियो भनेर आज ७० वर्ष पछि मात्रै भनिएको सन्दर्भ संगै वर्ग विश्लेषणको खाका तयार गर्न कुनै पनि पार्टीको तत्परता देखिदैन । तथापि साचो के हो भने नेपाली समाजको पनि वर्ग सरचना वदलिएको छ । सर्वहारा वर्गको हिस्सा ज्यादै न्युन हुदै गएको मध्यम वर्गको संख्या वढदै गएर उ निर्णायक हुने अवस्थामा पुगेको तथ्य यसै पनि अनुमान गर्न सकिन्छ । २०३६ साल लाई छाडेर त्यसपछि कुनै पनि आन्दोलन मध्यम वर्गको सहभागिता र पक्षधरताका आधारमा निर्णायक हुने स्थिति पैदा भएको छ । यो वदलिएको वर्गहरुको अवस्थाको आलोकमा पार्टीका नीति कार्यकमहरु वन्न जरुरी छ । नयाँ विचार सहितको नयाँ शक्तिको अहम कार्यभार पनि यही हुने छ । नेपाली समाजको वर्ग विश्लेषण गर्ने र त्यसका आधारमा अर्थात तथ्यका आधारमा अवधारणा वनाउने र तथ्यकै आधारमा नीति निर्माण गर्ने । सामान्य आकलन गर्दा पनि नेपाली समाज खास गरी २०४६ पछि वैदेशिक रोजगारीको प्रवृत्ति हावी भएको छ। लगभग छ खरव रुपया विप्रेषणबाट प्राप्त हुन्छ। यो रकम नेपाली कुल वजेटभन्दा पनि वढी हो । यसले नेपाली समाजको चरित्र नै वदलिदिएको छ । निर्वाहमुखी कृषि वाजा खेतमा परित भएका छन् किनेर खाने प्रवृत्तिको विकास भएको छ । युवा जनशक्ति विदेशमा वृद्धहरु गाउकै थात थलोमा र वच्चा र युवतिहरु शहरमा आप्रवासनको प्रवृत्ति वढेको छ । गाउको व्यापक शहरीकरण भौतिक विकासमा नभए पनि आचरण व्यवहार र संस्कारमा भने तिव्रतामा विकास भएको छ । गाउको खेतमा फलाएको धान विकी गरेर रिण कर्जा समेत गरेर वैदेशिक रोजगारीमा गएको किसानको छोरा , वुहारी र नाति शहरमा वस्छन विदेशबाट कमाएर पठाएको रकम रिण तिरेर वाकी उद्योगमा शेयर लगानी गरेर एउटै परिवार सामन्ती कृषि प्रणालीमा पनि छ शहरमा सानोतिनो जागिर वा कामका कारणले पुजिवादको प्रभावमा पनि छ र शेयर लगानीले उ उद्योगपतिको हैसियत पनि राख्छ। परिणाम जति सुकै किन नहोस प्रवृत्ति यस्तो छ । यसको सही विश्लेषण गरेर तथ्यका आधारमा राजनीतिको कार्यकम तय

गर्ने राज्यले पनि त्यसको अवलम्वन गर्ने संस्कार वसाल्न जरुरी छ । आजका मिति सम्म यो प्रवृत्ति

राजनीतिक पार्टीमा वस्न सकेको छैन । अव नयाँ विचार सहितको नयाँ शक्तिले यहीबाट आफनो कार्यारम्भ गर्न र अरुलाई गर्न लगाउन जरुरी छ ।

## नेपाली समाजको वर्ग विश्लेषण गर्न सधाउने तालिका एक सामान्य झलक

| नेपाली समाजको राजनैतिक प्रवृति | | | | | | |
|---|---|---|---|---|---|---|
| राजनैतिक प्रवृति | २००६ साल पूर्ब | २००६ सालदेखि २०१७ सालसम्म | २०१७ सालदेखि २०३६ सालसम्म | २०३६ सालदेखि २०४६ सालसम्म | २०४६ सालदेखि २०६३ सालसम्म | २०६३ सालदेखि २०७१ सालसम्म |
| शासकीय प्रणाली | जहानिया | अन्तरिम व्यवस्था | पंचायती तानाशाह | कथित सुधारिएको पंचायत | राजा सहितको बहुदलीय प्रजातन्त्र | संघीय लोकतान्त्रिक गणतन्त्र |
| दलीय अवस्था | नेपाल कम्युनिस्ट पार्टी लगाएत अन्य दलहरू | नेपाल कम्युनिस्ट पार्टी लगाएत अन्य दलहरू | दलीय प्रतिबन्ध | दलीय प्रतिबन्ध | दलीय व्यवस्था | दलीय व्यवस्था |
| राजनैतिक आन्दोलन | २००७ सालको क्रान्ति | राजनैतिक संक्रमणकाल | तानाशाह बिरुद्ध दलहरूको आन्दोलन | जनमत संग्रह र कथित पंचायतको जीत बहुदलको हार | २०४६को आन्दोलन र कम्युनिष्ट आन्दोलनको नयाँ उचाई सहितको माओबादी १० बर्षे जनयुद्ध | २०६२/०६३ को १२ बुँदे सहमति सहित दोश्रो जनआन्दोलन |
| प्राप्त प्रतिफल | प्रजातन्त्र स्थापना | कमजोर दलीय हैसियत | मुलुकभित्र र बाहिर बाट पंचायती तानाशाह बिरुद्ध सशक्त हुन नसकेको विभिन्न खाले आन्दोलन | मुलुकभित्र र बाहिर बाट पंचायती तानाशाह बिरुद्ध सशक्त हुन नसकेको विभिन्न खाले आन्दोलन | राजा सहितको अपूर्ण प्रजातन्त्र | गणतन्त्र, धर्म निरपेक्ष्यता, समाबेशी लोकतन्त्र र संघियता |

| नेपाली समाजको सामाजिक प्रवृति | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सामाजिक प्रवृति | २००६ साल पूर्ब | २००६ सालदेखि २०१७ सालसम्म | २०१७ सालदेखि २०३६ सालसम्म | २०३६ सालदेखि २०४६ सालसम्म | २०४६ सालदेखि २०६३ सालसम्म | २०६३ सालदेखि २०७१ सालसम्म | कैफियत |
| जनसंख्या | ६२,८३,६४९ | ९४,१२,९९६ | १,१५,५५,९८३ | १,८४,९१,०९७ | २,३१,५१,४२३ | २,६४,९४,५०४ | अन्तिम बर्षलाई आधार बनाई सालाखाला गरिएको। श्रोत : CBS, 2012 |
| साक्षरता | अनुमानित २% | अनुमानित ४% | १९.००% | ४९.६०% | ७९.४०% | ८८.६०% | १५-२४ उमेर समूहश्रोत : Nepal-MDG, 2013 |
| मातृ मृत्यु दर | | | | ८५० | ४१५ | १७० | |
| बाल मृत्यु दर | | | | १०८ | ६४ | ४६ | |
| सरदर आयु | | | ३८ | ५५ | ६२ | ६७.९८ | |

| नेपाली समाजको आर्थिक प्रवृति | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आर्थिक प्रवृति | २००६ साल पूर्ब | २००६ सालदेखि २०१७ सालसम्म | २०१७ सालदेखि २०३६ सालसम्म | २०३६ सालदेखि २०४६ सालसम्म | २०४६ सालदेखि २०६३ सालसम्म | २०६३ सालदेखि २०७१ सालसम्म | कैफियत |
| निरपेक्ष गरिबी | | | ४२.००% | ३१.००% | २५.४०% | २३.८०% | NLSS -I, II, III |
| कुपोषणको स्तर | | | | ४९ | २२.५ | १५.७ | MDG |
| प्रति व्यक्ति आम्दानी | | $४७.२७ | | $१९० | $२७० | $६९० | |

(श्रोतः नयाँ शक्ति निर्माण अभियानका सन्दर्भमा गठित टोलीद्वारा विभिन्न श्रोतबाट संकलित तथ्यांकहरुको आधारमा तयार पारिएको ।)

उपारोक्त राजनैतिक सामाजिक र आर्थिक प्रवृतिले नेपाली समाज तिव्र विकासको गतिमा छ भन्ने कुराको पुष्टि गर्दछ । राजनैतिक दलहरु अस्तित्वमा आउदाको अवस्था र आजको अवस्थाको आनको तान फरक पर्ने प्रवृत्ति यो तालिकाले देखाउछ तर राजनैतिक पार्टीहरु आफुलाई समायानुकुल परिवर्तन गर्न हिचकिचाएको देखिन्छ । यो कुरा स्पष्ट नै छ कि जुन राजनैतिक शक्ति समयानुकुल आफुलाई आफनो नीति कार्यक्रम र सांडगठनिक संरचना समेतलाई परिमार्जन गर्न सक्दैन त्यसले आफनो अस्तित्व रक्षा गर्न सक्दैन । समयक्रममा थुप्रै ऐतिहासिक भुमिका निर्वाह गरेका पार्टीहरु समेत ईतिहासमा सिमित हुन पुगेका थुप्रै घटनाहरु छन् । त्यसो नहोस भन्नकालागि पनि पार्टीहरु समयानुकुल परिमार्जन हुदै जानु आफनो कर्तव्य नै ठान्नु पर्दछ त्यसैको एउटा कडिका रुपमा यो नयाँ शक्ति निर्माण अभियान आरम्भ गरिएको हो ।

## ६. नेपाली सन्दर्भमा वैकल्पिक विचारः वहसको आरम्भः

नेपाली राजनीतिमा यतिवेला वैकल्पिक विचारका रुपमा नयाँ शक्तिको वहस चर्चाको शिखरमा छ । झण्डै ७० वर्ष अघिको जनताद्धारा निर्वाचित वैधानिक प्रतिधिहरुबाट गठित संविधानसभाबाट संविधान भन्ने राजनीतिक यात्रा अन्त भएको छ ।

संविधानसभाबाट संविधान भन्ने राजनैतिक यात्रा संविधान जारी भए पछि समाप्त भएको हो । त्यसकारण अव नयाँ यात्राको आरम्भ गर्न जरुरी छ भन्ने सोचको अभिव्यक्तिको नयाँ शक्ति ।

नेपाली समाज लामो समयदेखि अर्धसामन्ती र अर्ध औपनिवेशीक छ भन्ने कुरा खासगरी वामपन्थी ध्रुवबाट भन्दै आएको विषय हो । तर आज लगभग ७० वर्ष पछि नेपाली समाजको चरित्र पनि वदलिएको छ । अर्थात नेपाली समाज पुजिवादमा प्रवेश गरेको छ । यो निष्कर्षमा पनि नेपालका वामपन्थी पार्टीहरुले महाधिवेशन गरेरै पुगेको अवस्था छ । वदलिएको नेपाली समाजको नयाँ विश्वेषणका आधारमा नयाँ वैकल्पिक राजनैतिक शक्तिका रुपमा पनि नयाँ शक्तिको खाचो छ ।

नेपाली राजनीतिको आरम्भ राणा शासनको अन्तका लागि भयो । पंचायतको अन्तकालागि संघर्ष गर्दै गर्दा यसले वयस्क हुने अवसर प्राप्त गरयो । प्रौढ अवस्थामा पुग्दा राजतन्त्रको अन्त गरयो । यी तिनवटै कालखण्डमा राजनीतिको मुख्य धेय मुख्यत: सत्ताको विध्वंश र विनिर्माणका लागि थियो । अव नयाँ शक्ति अव नव निर्माणका लागि अभियान आरम्भ भएको छ । त्यसकारण नव निर्माणकालागि रचनात्मक सोचका साथ यतिवेला नयाँ शक्तिको खाचो महशुश गरिएको छ ।

माओवादी आन्दोलन मुलभुत रुपमा राजतन्त्र विरुद्धको केन्द्रित थियो । गणतन्त्र संघीयता धर्म निरपेक्षता र समावेशी लोकतन्त्र यसका मुल धेय थिए । यी सवैको धेय नेपाली समाजको आर्थिक समाजिक रुपान्तरण थियो । जनवादी कान्तिकालागि आरम्भ भएको माओवादी आन्दोलन सोचे जस्तै ढंगले जनवादी कान्ति पुरा नभए पनि संभ्हौताको माध्यमबाटै भए पनि नयाँ संविधान संविधानमा गणतन्त्र संघीयता धर्मनिरपेक्षता र समावेशी लोकतन्त्र संस्थागत भएपछि जनवादी कान्तिका वाकी कार्यभार पुरा हुने र अवको यात्रा समाजवादी कान्तिको हुने भन्ने वारेमा पनि एक मत नै थियो । त्यसकारण जनवादी कान्ति गर्नकालागि वनाएको पार्टी नेतृत्व संगठन र कार्यक्रम समाजवादी कान्ति गर्नकालागि पनि जस्ताको तस्तै कामयावी हुन्छ भन्ने कुरा मान्न सकिन्न । त्यसैले समाजवादी कान्तिकालागि नयाँ विचार सहितको नयाँ नेतृत्व नयाँ संगठन र नयाँ योजनाको खाचो छ भन्ने कुरालाई मान्ने हो भने पनि वैकल्पिक विचार सहितको नयाँ शक्तिको खाचो छ भन्ने वारेमा विवाद हुने ठाउ रहेन ।

मार्क्सवादी भाषामा उपरिसंरचना र आधार मध्य माओवादी आन्दोलनको परिणाम उपरिसंरचनामा वदलाव ल्याएकै हो । र आधार वदल्न जरुरी छ भन्ने कुरामा पनि सहमति भएकै कारण महाधिवेशनबाटै अवको कान्ति समाजवादी कान्ति र अवको कार्यदिशा उत्पादनकानिमित संघर्ष भन्ने थियो । तर उत्पादन व्रिगेड निर्माण गरेर पनि सोको कार्यान्वयन हुन नसक्दा यसले समस्या पैदा गरेको हो । यही समस्यालाई समाधान गर्न पनि वैकल्पिक विचार सहितको नयाँ शक्तिको निर्माण आवश्यक भएको हो ।

माअेवादी आन्दोलनकै कुरा गर्दा युद्धकालिन संरचना शान्तिकालिन संरचनामा वदल्न पर्ने कार्यभार शान्ति प्रकृयामा आएसंगै थियो । शान्तिकालमा आए पछि पनि विद्रोहको

अव्यवहारिक र असफल कार्यदिशा मुल नेतृतवको दिमागमा रहेका कारण युद्धकालिन संरचना वदल्ने कुरामा ध्यान गएन । पछिल्लो चरणमा माओवादी आन्दोलनको समिक्षा गर्दा खास गरी दाश्रो निर्वाचनमा हार व्यहोर्दा थुप्रै कारण मध्य युद्धकालिन संरचना शान्तिकालिन संरचनामा वदल्न नसक्नु पनि एक हो भनेर स्वीकार गरिएकै थियो भने संगठनको स्वरुप मात्रै वदलेर हुदैन शान्तिकालिन आवश्यकता वमोजिमका सवै अवयवहरुको वदलाव जरुरी छ । यसो हो भन वैकल्पिक विचार सहितको नयाँ शक्ति आजको आवश्यकता वन्न पुगेको छ ।

त्यसो त माओवादी आन्दोलनको कुरा गर्दा आरम्भदेखि नै नयाँ नयाँ प्रयोग गर्दै सफलता हासिल गर्दै अघि वढेको र सापेक्षित सफलतामा पुगेकै कारणले शान्ति वार्ताको माध्यमद्धारा संविधानसभाद्धारा नयाँ संविधान भन्ने नाराा स्थापित गराउन सफल भएको तथ्य साचो हो । शान्ति प्रकृयामा आए पछि कैयौ मामलामा ध्यान पुरयाउन नसक्दा पार्टीको ाख खस्कने, सवैभन्दा ठुलो पार्टी हुदा पनि सत्ताको वागडोर आफनो हातमा नहुने जस्ता समस्याहरुबाट गुज्रेको कुरा पनि साचो हो । यिनै असफलताहरुबाट सिक्दै पार्टी यो निष्कर्षमा प’ग्यो कि अव पार्टीलाई विघटनबाट रोक्ने हो भने नयाँ नीति नयाँ नेतृत्व नयाँ कार्यशैली सहितको नयाँ शक्तिमा रुपान्तरण गर्नु एकमात्र विकल्प हो । यसै वमोजिमको दस्तावेज तयार पनि भयो । पार्टीमा दर्ता पनि भयो ।तर वर्षौसम्म वैठकको आयोजना पनि गरिएन । र पार्टी पुनर्निर्माणको ईच्छा मुल नेतृत्वले देखाएन । यसबाट पनि या त पार्टी विघटनसंगै सति जान परयो हैन भने वैकल्पिक नेतृत्व वा अरु कसैले पनि पुनर्निर्माणको योजना ल्याउन पर्ने थियो । यही आवश्यकता प’रा गर्न वैकल्पिक विचार सहितको नयाँ शक्तिको खाचो महशुश भएको हो । यतिवेला यसैको औचित्य पुष्टि भएको छ ।

## ७. नेपाली समाजमा वैकल्पिक विचार सहितको नयाँ शक्तिको औचित्यः

- **नयाँ चक्र आरम्भः**

  नेपाली राजनीतिको एउटा चक्र संविधानसभाबाट संविधान जारी भए पछि पुरा भयो । अव नयाँ यात्रा र गन्तव्यकालागि प्रारम्भ गर्नैपर्छ । पुरानैमा टासिईरहने कुराले कसैको पनि हित गर्दैन । पुरानैमा टासिईरहने भनेको या त आफैलाई ठग्नु हो या त फेरि पछाडि नै फर्कने हो । सार्वजनिक यातायात चढेर वसपार्क पुगिसेकपछि पनि त्यही वसिरहनु भनेको या त गाडि संगै ग्यारेजमा जाने हो या त गाडि फेरि पर्केर पुरानै ठाउमा पुग्ने हो । नयाँ शक्ति भनेको अगाडि वडने हो । नयाँ शक्तिले भने झै अगाडि नवढने हो भने पछि फर्कनै हो वा ग्यारेजमा नै थन्कने हो । यतिवेलाका पुराना शक्तिहरु संविधान जारी भए पछि गन्तव्यमा पुगिसके पछि पुन नयाँ यात्रा प्रारम्भ गर्न पर्नेमा त्यसो गर्न नसकि यथास्थितिमा रहने वा पछि फर्कने जो हर्कत देखाएका छन् त्यो यथास्थितिको वा प्रतिगमनको यात्रा हो भने नयाँ शक्ति भनेको प्रगति र अग्रगमनको यात्रा हो । यतिवेला विना कुनै हिच्चक प्रगति र अग्रगमनको यात्राकालागि नयाँ शक्तिको आरम्भ गर्नुको कुनै विकल्प छैन ।

- **नयाँ गन्तव्य नयाँ शक्तिः**

पुराना पार्टीहरु जे उद्देश्यकालागि गठन भएका थिए मुलतः संविधानसभाबाट संविधान भन्ने कुरा ने थियो सो प्राप्त भयो । जसले गणतन्त्र संघीयता धर्मनिरपेक्षता र समावेशी समानुपातिक लोकतन्त्र सैद्धान्तिक रुपमा भए पनि प्राप्त भैसक्यो । अव ती उद्देश्य प्राप्त भए भनेर यथास्थितिमा रमाउने वा अग्रगमनको यात्रा अर्थात आर्थिक सम्वृद्धिको यात्रामा लाग्ने भन्ने छान्ने वेला आएको छ । अव ढिला नगरी नयाँ उद्देश्य आर्थिक सम्वृद्धिकालागि नयाँ यात्रा तय गर्ने र तदनुकुलको पार्टी संगठन र संगठनको शैली निर्माण गर्ने यतिवेलाको खाचो हो । पुराना पार्टी संगठन संरचना र नेतृत्वले गरेको कामलाई स्यालुट गर्दै आगामि कामकालागि नयाँ यात्राको थालनीकालागि संगै जान आग्रह गर्दै अघि वढनु आजको आवशयकता वनेको हो ।

- **आधार वदल्न नयाँ शक्तिः**

आजसम्मको आन्दोलनले राज्यका उपरिसंरचनामा प्राप्त गर्नुपर्ने विषयहरु प्राप्त भएका छन् । राजनैतिक उपलवधीहरु हासिल भएका छन् । अव प्राप्त राजनैतिक उपलव्धीलाई वचाउनकालागि आर्थिक उपलव्धी हासिल गर्नु अनिवार्य जस्तै वनेको छ । त्यसैले अवको कान्ति आर्थिक विकास र सुशासन हुनै पर्दछ । यसो गर्न सकिएन भने न त राजनैतिक उपलव्धी जागिने न त राजनैतिक उपलव्धी हासिल गर्न आन्दनेलनमा लाग्ने जनताको पक्तिले आफनो जीवनमा परिवर्तन नआएसम्म त्यसको स्वामित्व ग्रहण गर्ने यो खतराबाट मुक्त हुनकालागि पनि आर्थिक उपलव्धीको यात्रा तय गर्नै पर्छ । यसको अगुवाई पनि नयाँ शक्तिले नै गर्न संभव छ । पुराना शक्तिबाट संभव छैन ।

- **नेपाली राष्ट्रियताको वोधगम्य व्याख्याः**

नेपाली राष्ट्रियताको पनि पुन परिभाषा जरुरी भएको छ । हिजो पंचायतकालामा लोकतन्त्रका कुरा गर्दा भारतले देश खान्छ , लोकतन्त्रका कुरै गर्न हुदैन भनिन्थयो । पंचायत ढले पछि पनि गणतन्त्रको कुरा गर्दा हैन भारतले देश खान्छ त्यसैले गणतन्त्रका कुरा गर्न हुदैन भनियोँ । आखिर पंचायत गायो देश कहि गएन राजतन्त्र पनि गयो । देश कहि गएन । ठीक त्यसै गरी आज पनि संघीयताको कुरा गर्दा होस वा आन्तरिक राष्ट्रियता र जनताको अधिकारका कुरा गर्दा देश भारतले खान्छ भन्ने पुरानै तर्क सत्ताधारीहरुले दोहोरयाउने गरेकाछन् । खाली फरक यत्ति हो केही वाहेक अरु पात्र वदलिएका छन् । प्रवृत्ति वदलिएको छैन । विरोध गर्न हुदैन भनेर फेरि पनि सत्ताधारी पार्टी र तिनका नेताहरु फलाकिरहेकाछन् । तस्करी कालोवजारी पुरै सत्ता संरक्षित छ । तैपनि मानिस वोल्ने आट गर्दैनन । वोले भारत परस्तको आरोप लाग्ला भनेर होस वा राष्ट्रियता खतरामा छ भनेर ढाक छोप गर्ने वाहानामा व्यस्त छन् मानिसहरु । पुरानै आदतको पुनरावृत्ति मात्रै भएको छ । नयाँ ढंगले सोच्ने

तरिकामा वदलाव आएकै छैन । त्यसकारण पनि नयाँ शक्तिको खाचो अपरिहार्य वन्न पुगेको छ ।

आन्तरिक राष्ट्रियता र वाहय राष्ट्रियताको यथोचित सन्तुलन विना नेपालको राष्ट्रियताको संरक्षण र संवर्धन गन् संभव छैन भन्ने कुरामा सहमत हुने र तदनुकुलको कार्यक्रम तय गर्न नसक्दा सम्म नेपाली राष्ट्रियतकाको संरक्षण संभव छैन । यो निष्कर्षमा नयाँ शक्ति पुगेर आफनो यात्रा आरम्भ गरेको हो । तैपनि पुराना शक्तिहरुको पुरानै मानसिकतामा छन् । नयाँ कुरा गर्नेहरुलाई राष्ट्रियताको पुरानै परिभाषामा जोडदै यो वा त्यो आरोप लगाउने गल्ती गरिरहेको सन्दर्भ छ । यसको सच्चाई पनि वाहिर आउन जरुरी छ । त्यसैले नेपालको वनोट मुल भूत रुपमा खस आर्य, आदिवासी जनजाति र मधेशी थारु समुदायको तिनथरी समुहको संयोग नै नेपाली राष्टियता हो । तिन समुहको आपसी सदभाव र समन्वय विना आन्तरिक राष्ट्रियता मजवुत वनाउन सकिदैन । आन्तरिक राष्ट्रियता वजवुत नभै वाहय राष्ट्रियता वलियो वनाउन सकिदैन । त्यसै गरी चिन र भारत दुई उदियमान अर्थतत्र भएका नाताले एकका विरुद्ध अर्को उभ्याएर वा प्रयोग गरेर राष्ट्रवादी वन्ने पुरानो मान्यता अव काम लाग्दैन । त्यसैले दुवै देशको सम्वृद्धिलई सदुपयोग गर्दै नेपालको सम्वृद्धिमा उपयोग गर्न सक्ने विदेश नीतिको प्रतिपादन गर्न पर्ने भएको छ । यसो गरे पछि मात्रै वाह्रय राष्ट्रियताको पनि प्रवर्धन र संरक्षण हुनेछ । यो आन्तरिक राष्ट्रियता र वाहय राष्ट्रियताको यथोचित सन्तुलन विना पुरानै र मण्डले प्रकृतिको राष्ट्रियताको चर्चा गरेर दुनियाँलाई वेकुफ वनाउने र आफनो सत्ता स्वार्थ सिद्ध गर्ने वाहेक अर्को कुनै धेय पुरा हुने छैन । नेपाल र नेपाली जनताको हित र सम्वृद्धि हुने राष्ट्रवाद चाहियो । देश र जनता कंगाल हुने राष्ट्रवाद हैन । यसकालागि पनि देश र जनता संवृद्ध वनाउने प्रगतिशिल राष्ट्रवादी आलोकमा नयाँ शक्तिको खाचो छ ।

○ **नयाँ शक्ति नयाँ विचारः संस्कार, आचार र व्यवहार**

विचार व्यवहारबाट अभिव्यक्त हुन्छ भनिन्छ । त्यसैगरी विचारमा जतिसुकै आदर्शका कुरा गरे पनि मानिसले अनुभुत गर्ने र पहिलो दृष्टि मै देख्ने भनेको व्यवहार नै हो । फेरि आजको नेपाली समाजको यथार्थ पनि यही हो कि उ के भन्छ, के विचार राख्छ भन्ने कुरा धेरै पछि मात्रै वुझलान । तर के व्यवहार गर्छ भन्ने कुरा प्रथम दृष्टि मा नै थाहा पाईहाल्छन । मानिसहरु टिप्पणी गर्न थाल्छन् । अर्कोतिर मानिस कुरामा पत्याउन छाडिसके । व्यवहार हेर्न लालायित छन् । त्यसैले नयाँ शक्तिले भन्ने कम भन्दा कम र गर्ने वढी भन्दा वढी को मान्यतालाई अवलम्वन गर्न जरुरी छ । त्यसैले नयाँ शक्ति, नयाँ विचार, नयाँ संस्कार, नयाँ प्रवृत्ति र आचार व्यवहारको कसी हुन पर्दछ । विद्यामान संरचनाबाट आजित परेको र निराश भएको पुस्तालाई आशा जगाउने अभियान पनि हो यो नयाँ शक्ति । त्यसैले नयाँ शक्ति एक समुन्नत वैकल्पिक विचारको धार वन्न पर्दछ । विद्यामान सरचनाका र पुराना संरचनाका गल्ती कमजोरी

नदोहोरयाउने प्रतिवद्धताको मुर्त रुप पनि हो नयाँ शक्ति त्यसैले नयाँ शक्ति आशाको किरण र विद्यामान समाजमा रहेका समस्याको समाधान वन्न पर्छ ।

- **नयाँ आशावादिताको नयाँ किरण नयाँ शक्तिः**

यतिवेला नेपाली समाज चरम निराशामा छ । लामो समयको अन्तरलामा प्राप्त गरेको लोकतान्त्रिक गणतन्त्र संस्थागत गरेको दिन पछि सवै चिज प्राप्त हुन्छ भनियो । नयाँ संविधान प्राप्त भए पछि जादुमय ढंगले सवै समस्याको समाधान हुन्छ भन्ने सोचिएको भनिएको वुझिएको वा वुझाईएको सवै थियो । तर यथार्थ त्यसो रहेन । यसो हुनासाथ निराशा छाउने नेपाली प्रवृत्ति वनेको छ । जुन जागी आए कानै चिरेका भन्ने उखानले दह्रोसंग घर गरेको छ । यस खालको निराशालाई आशामा वदल्न अरु कसैले सक्दैन त्यसकालागि पनि नयाँ शक्ति वाहेक अर्को विकल्प छैन । नयाँ शक्तिलाई पनि सहज छैन चुनौतिहरु थुप्रै छन् । नयाँ शक्तिका विविध पाटा पक्षमा चर्चा परिचर्चा भैरहदा कम्तिमा त्यसले आशावादितालाई प्रवर्धन गरोस भन्ने सुभेच्छा सर्वत्र छ । निराशामा आशा जगाउने वैकल्पिक शक्तिको भुकिका खेल्न सकोस । नेपाली समाजलाई उज्जल भविश्यमा डोरयाउने कडि वन्न सकोस । यसैको सेरोफेरोमा रहेर चल्ने वहस र त्यही वहसको निष्कर्षका रुपमा वन्ने शक्ति नयाँ शक्ति हुने छ र नयाँ विकल्प हुनेछ । जो सवै समस्याहरुको वैकल्पिक समाधानको शुत्र वन्ने छ । यसै तथ्यलाई साकार पार्ने प्रण गर्दै र यही तथ्यलाई मनन गर्दै नयाँ शक्तिको वहसमा सहभागी वनौ, स्वाधिन सम्वृद्ध र समावेशी समाज निर्माण गर्ने दिशामा अगाडि वढौ यही नयाँ शक्तिको कामना पनि छ ।

- **नयाँ शक्ति निर्माणको आधार, अन्तरविरोधको पहिचान र सोको समाधानः**

नयाँ शक्ति नयाँ तथा वैकल्पिक विचार धारा हो । यो राजनीति नै हो । तर आजको समाजमा देखिएको जस्तो व्यापार वा पेशा हैन । नयाँ शक्तिले राजनीतिलाई कम्तीमा कमाई खाने भाडो वनाउदैन । नयाँ शक्तिले राजनीतिलाई समाजका अन्तरविरोध हल गर्ने माध्यम ठान्दछ । यदि यसो हो भने नयाँ शक्तिको राजनीति कुनै वाद वा विचारकालागि हैन समस्याको समाधानकालागि हो । यो राजनीति देश र जनताकालागि हो र देश र जनताको सम्वृद्धिकालागि हो । समाजको समस्याको समाधान गर्ने धेयले वन्ने राजनैतिक शक्तिको आधार समाजको अन्तरविरोधमा आधारित हुन्छ । यसकारण नयाँ शक्ति निर्माण अभियानमा कुन वाद वा सिद्धान्तमा आधारित हुन्छ यसको झण्डा वा विधान के हुन्छ ? भन्ने कुराको निर्धारण पहिला गर्ने पुराना पार्टीहरुको निमाृण गर्ने उल्टो प्रकृयालाई यसले सुल्टाउने प्रयास गरेको छ । पहिला सिद्धान्त र दर्शनको वाक्सा तयार गर्ने र समाजको समस्या त्यही वनिवनाउ वाकसमा हाल्न खोज्ने प्रवृत्ति यतिवेलाको मुख्य समस्या हो । नयाँ शक्तिले नेपाली समाजको अन्तरविरोध के हो ? भन्ने वारेमा पहिला पहिचान

गर्ने र त्यसका आधारमा सो समस्या समाधान गर्न सक्षम पार्टी निमाृण गर्ने धेय राखेको छ ।

मोटामोटी नेपाली समाजका समस्याहरु निम्नानुसार छन्: (१) अघि वढेको राजनैतिक चेनता र पछौटे आर्थिक सम्वन्ध, (२) खस आर्य, आदिवासी जनजाति, मधेशी थारु  तिन भिन्न क्लष्टर सहितको नेपाली समाज हो यी तिनै पक्षको अपनत्व र स्वामित्व सहितको यथोचित सन्तुलन सहितको नयाँ नेपाल निर्माण गर्ने चुनौति (३) दुई विशाल अर्थतन्त्रको वीचमा रहेको मुलुकले आपसी अन्तरनिर्भरता कायम गर्दै विकास गर्ने चुनौति । अन्तरविरोध हल गर्ने विधि नै राजनीति हो भनियौं । क्रान्ति भनेको पनि अमुर्त कुनै कुरा हैन । यो पनि अन्तरविरोध हल गर्ने विधि हो । त्यसो हो भने पहिला अन्तरविरोधको पहिचान गरेर सो को समाधान गर्ने साधनका रुपमा पार्टी खोज्न पर्नेमा हामी कहा उल्टो विधि लागु भैराखेको छ । प्रत्यक पार्टीहरु युगौ देखि कार्यरत छन् तिनले प्राय सधैजसो वैठकमा वा महाधिवेशनमा प्रधान अन्तरविरोधका वारेमा चर्चा गर्ने वहस गर्ने विवाद गर्ने र कुरा नमिले फुटने वा एका अर्कालाई आरोप प्रत्यारोप सम्मगर्ने गरेको पाईन्छ। यो असफलतबाट पाठ सिकेर नयाँ वैकल्पिक शक्तिका रुपमा नयाँ शक्तिको निर्माण वास्तविकतामा आधारित भएर गर्न प्रयत्न गर्दैछ ।

### ○ अन्तर विरोध हल गर्न आवश्यक पर्ने नीतिः आर्थिक सम्वृद्धि

हुदा खाने र हुने खाने वीचको अन्तरविरोध नै नेपाली समाजको आजको यथार्थ हो र यही नै मुख्य समस्या हो । यसैका कारणले समाजमा द्वन्द हुन्छ । यसैका लागि संघर्ष हुन्छ । यसैकालागि क्रान्ति हुन्छ र आन्दोलनहरु हुन्छन् । अन्तरविरोधको समाधानको मकसद समन्याय हो । कसैले कसैका विरुद्ध अन्यायपुर्ण ढंगले शोषण नगरोस भन्ने पनि हो । यही शोषण रहित समाजको स्थापनाकालागि सामन्तवादको अन्त गर्दै पुजिवादमा प्रवेश, पुजीको विकास गरेर समाजवाद र अन्तमा वर्गविहिन समाज को घोषणासँगै साम्यवादको परिकल्पना गरिएकोछ । आज हामी भर्खरै सामन्तवादको अन्त गरेर पुजिवादी चरणमा छौ भने यो चरणको कार्यभार पुजिको विकास नै हो । विना पुजिको विकास समाजवादमा प्रवेश गर्नै सकिन्न । समाजवाद अभाव, गरिवि, वेरोजगारी, अन्याय, शोषण र अविकास वाडने व्यवस्था पनि हैन । त्यसैले समाज विकासको चरणका हिसावले पनि अहिले हामी पुजिवादी चरणमा छौ र पुजिको विकास आजको पहिलो कार्यभार हो ।

यसै गरी आजसम्मका क्रान्ति र परिवर्तनले समाजको उपरिसंरचनामा परिवर्तन ल्याएको छ। राजतन्त्रको ठाउमा गणतन्त्र, एकात्मक राज्यका ठाउमा संघीयता हिन्दु अधिराज्यका ठाउमा धर्मनिरपेक्षता र एक जति एक भाषा एक संस्कृतिका ठाउमा समावेशी लोकतन्त्र प्राप्त भएको छ । उपरिसंरचनामा ल्याएको परिवर्तनलाई चिरस्थायी वनाउन आधार परिवर्तन गर्न जरुरी छ । आधार

भनेको उत्पादन सम्वन्ध र उत्पादन शक्तिको विकास हो । आर्थिक विकास विना उत्पादन शक्तिको विकास र उतपादन सम्वन्धको विकास दुवै सभव छैन । यसका साथै लामो संघर्षबाट प्राप्ट राजनैतिक उपलव्धी पनि आर्थिका वृद्धि विना जोगाउन सकिदैन । त्यसकारण अवको नेपाली समाजको अन्तरविरोध हल गर्ने वैकल्पिक विचार सहितको नयाँ शक्तिको नीति आर्थिक सम्वृद्धि हुनेछ । सुशासन सहितको आर्थिक सम्वृद्धि सहितको नीति अवको समाजको अपेक्षा हो । यसले मात्रै नेपाली समाजको अन्तरविरोधको हल गर्नेछ । माओवादी अन्दोलनको सवैभन्दा मुख्य एजेण्डा पनि जनताको जीवनमा परिवर्तन भन्ने नै थियो र एमाओवादीको हेटौडा महाधिवेशनले राजनैतिक उपलव्धी हासिल गरे पनि जनताका जीवनामा केही परिवर्तन ल्याउन नसकेको स्वीकार गर्दै अव आर्थिक उत्पादन भन्ने कुरा उल्लेख गरिएको थियो । यसो गर्दै गर्दै राजनैतिक तहमा अर्थात उपरिसंरचनामा गणतन्त्र संघीयता धर्मनिरपेक्षता समवेशीता जस्ता उपलव्धी हासिल गरे पनि तिनले जनताको जीवनमा केही परिवर्तन गर्न नसकेको भन्ने कुरा स्वीकार गरिएको थियो । त्यही स्वीकारोक्तिलाई परिपुर्ति गर्ने सन्दर्भमा उत्पादन केन्द्रित नीति आजको आवश्यकता हो भन्ने कुराको औचित्य पुष्टि भएको छ ।

- **प्रत्यक्ष लोकतन्त्र चुनिएको नेतृत्वः**

निर्वाचन लोकतन्त्रको एक उपयुक्तल आधार हो । त्यसो त कतिपय मानिसहरु चुनाव नै लोकतन्त्र को सम्पुर्ण अंश पनि ठान्दछन् । चुनिएको नेतृत्वलाई सवै गर्ने छुट अन्तरनिहित भएको ठान्दछन् । अझ कतिपय त स्वघोषित नेता र सवैको प्राधिकार ठान्ने प्रवृत्ति पनि विकास भएको छ । यस्तो सन्दर्भमा नेतृत्वको समस्या नेपाली राजनीतिको निकै जटिल समस्याका रुपमा रहेको छ भन्न सकिन्छ । यसको मर्म निर्णय कार्यान्वयन, निर्णयमा सवैको सहभागिता र अपनत्वको ग्यारेण्टी , नीति कार्यान्वयनको विश्वासिलो आधार प्रस्तुत गर्ने प्रसंग जवर्जस्त जाडिन पुग्दछ । आजको सन्दर्भमा आर्थिक उत्पादन अवको नीति हो भने सोको कार्यान्वयन गर्ने टिम कस्तो हुन्छ वा नेतृत्व कस्तो हुन्छ र कसरी छानिन्छ भन्ने कुरा मुख्य कुरा हो । आजसम्मका पार्टीहरु मुल नेतृत्व अधिकार जस्तै गरी स्वघोषित हुने वाकी नेतृत्व मुल नेतृत्वको मनोमानीमा तोकिने र तोकिएको नेताले नेतृत्व जनता र तल्लो तहका कार्यकर्तालाई गर्न पर्ने तर नेतृत्व प्राप्ती र सो को टिकाउ भने माथिल्लो नेतृत्वमा निर्भर रहने विडम्वना रहयो । त्यसैले सवै पार्टीमा नेताहरु थुप्रै भंए । तर जनताले वा कार्यकर्ताले चुनेर हैन नेताको आशिर्वाद प्राप्त गरेका कारणले मात्रै भए । यति मात्रैले नपुगेर नेपालका पार्टीहरु निकै डरलाग्दो नोकरशाहीतन्त्रबाट ग्रस्त रहे । नोकरशाही संगठन नोकरशाही कार्यशैलीले लोकतान्त्रिक संस्कार दिन सक्दैन्थ्यो सकेन र तिनिहरु असफल भए । यही तथ्यलाई गंभिर पाठका रुपमा लिदै विगतका गल्ती नदोहोरयाउने प्रतिवद्धता व्यक्त गर्दै नयाँ संस्कारको आरम्भ गर्न जरुरी छ । त्यसैले नयाँ शक्तिमा नेता र कार्यकर्ता हुदैनन सवै अभियन्ता

हुन्छन् भन्ने मान्यतालाई कमसेकम यो अभियान अवधिभरलाई स्वीकार गरिएको छ । यही संस्कार र संस्कृतिलाई निरन्तरतामा लैजान सके यसले फलदायी परिणाम ल्याउने नै छ । तथापि नेतृत्व माथिबाट लादिएको हैन जनताको वीचबाट छानिन जरुरी छ। नेतृत्वको छनोट लोकतान्त्रिक विविधबाट हुन जरुरी छ । प्रत्यक्ष लोकतन्त्रबाट नेतृत्व छानिने, छानिएको नेतृत्वले जनताको अपेक्षा अनुसार काम गर्न नसकेमा उनलाई प्रत्यावाहान मार्फत फिर्ता वोलाउन सकिने र दुई अवधिभन्दा नेतृत्वमा रहन नपाउने जस्ता व्यवस्थाहरु पलना गर्दा नेतृत्व सम्वन्धि हिजोको गल्ती दोहोरिने खतरा पनि छैन भने हिजोका गल्तीका कारणले दोहोरिएका असफलता पनि हुने छैनन भन्ने सुनिश्चित गर्न सकिन्छ ।

- **सवैको स्वामित्वमा निर्माण भएको कार्ययोजनाः**

आज सम्मका पार्टीहरुको असफलताको अर्को मुख्य कारण आफैले कार्यान्वयन गर्ने कार्यक्रम आफैले वनाउन वुझ्न र सोको सफलता असफलताको समिक्षा गर्नबाट वंचित रहे । खास तहमा वसेका र खास पदिय योग्यता भएका शिर्ष नेताहरुको टिम वा मुल नेता आफैले कार्यक्रम तयार पार्ने उनले तयार पारेको दस्तावेज केन्द्रिय समिति वा कुनै निकायमा पढी वाची सुनाउने र तल्ला निकायमा कार्यान्वयन गर्न पठाउने जानेमानेको मान्यताबाट ग्रष्त रहे । जुन नीति कार्यक्रम कार्यान्वयन गर्न पर्छ उसले सोको मर्म वुझ्ने अवसरबाट वंचित हुने, वुझ्ने अवसर प्रशिक्षण वा यस्तै कुनै वाहानामा प्राप्त गरेछ भने पनि सोको स्वामित्व प्राप्त गर्ने अवसरबाट वंचित हुन पर्ने अनि आफनो स्वामित्व नभएको आफुले नवुझेको नीति कार्यक्रमको व्याख्याता हुदै कार्यान्वयन गर्न पर्ने अनि परिणाम सकारात्मक आउने प्रश्नै रहेन । कुल योगमा नीति कार्याक्रम असफल हुने । तर नेतृत्व भने कहिल्यै असफल नहुने यस्तो प्रवृत्ति नेपाली राजनीतिको मुल प्रवृत्ति हो । यस खालको खरावीलाई हटाउन सक्ने ल्याकत नयाँ शक्तिले राख्न पर्दछ ।

- **नयाँ शक्ति स्वयंसेवी राजनीतिः**

सुशासन र विकास नेपाली समाजको आजको आवश्यकता हो। यही नै आजको यथार्थ पनि हो । सुशासनका अभावमा विकास प्रभावित भएको छ । विकास वजेट तव मात्रै खर्च हुने गरेको छ जव त्यहा भ्रष्टाचार गर्ने अवसर हुन्छ । भ्रष्टाचार नेपाली समाजको पर्याय र वहादुरीको प्रतिक पनि वन्ने गरेको छ । भ्रष्टाचारीले कर्मचारी तन्त्र र राजनीतिक नेतृत्व दुवैका वीचमा पुलको काम गर्ने गरेको छ। तव नीतिगत निर्णय राजनीतिले गर्ने र सो निर्णयको कार्यान्वन कर्मचारीतन्त्रबाट हुने नीतिगत नेतृत्वको जामा पहिराएपछि अख्तियारको दायरा भित्र पनि नपर्ने व्यख्या गराउने सम्मका हर्कत गरेर सुशासन र विकास विरुद्ध जेहाद छोडियो । वैधानिक आम्दानी नामर्दको कमाई अवैध आम्दानी सानको साहसीको कमाई भन्ने आहान स्थापित गरियो । नेपाली समाजमा

राजनीतिलाई व्यपारको विषय मात्रै वनेन । विना लगानी विना कारोवार सवैभन्दा नाफा हुने व्यापारको अर्थमा विकास गरियो । पेशा के हो भन्दा राजनीति भन्ने भयो । जागिर छैन पेन्सन छैन आम्दानीको श्रोत केही छैन काम पनि केही गर्दैन तर गाडि चढेको छ लाखौको मासिक खर्च गरेको छ उसको खर्च कहाबाट आउछ वताउन चाहदैन । उ पारदर्शी वन्न पर्दैन । अनि उसले नेतृत्वगर्ने समाज किन पारदर्शिी हुन पर्ने अनि किन सुशासनका कुराहरु उठने भन्ने प्रश्न उठने गरेको छ । वरु पारदर्शी हुने अर्थात घाटी हेरी हाड निल्न कोशिस गर्ने फजुल खर्च गर्न नरुचाउने नेताहरु उनीहरुका अगाडि लाचार निरिह वन्न पर्ने यस्तो अवस्थाको अन्त गर्न स्वर्यसेवी राजनीति र पारदर्शी र सदाचारी आचरण आजको आवश्यकता हो । यसो गर्न पनि नयाँ शक्तिको खाचो परेको हो ।

यतिका वहस र विमर्श पश्चात नयाँ शक्तिका वारेमा जिज्ञाशा शुत्रवद्ध रुपमा मेटाउन यस प्रकार उल्लेख गर्न सकिन्छ

## ८. संक्षेपमा नयाँ शक्तिः

- **नयाँ शक्तिको दूरदृष्टि** (vision)

  क) स्वतन्त्रता, समानता, एकता, विविधता र स्वच्छतामा आधारित समावेशी राज्यप्रणाली विकसित गर्दै लैजाने ।

  ख) संविधान प्रदत्त मौलिक हकप्रति सत्ता वा शक्तिको केन्द्रमा रहेका दल वा तिनको नेतृत्व वर्गलाई आफ्नो जवाफदेहीताप्रति जिम्मेवारीवोध गराउन सक्ने सचेत र सजग नागरिक समाजको निमांण गर्ने ।

## ९. नयाँ शक्तिको ध्येय (mission)

सुशासनको प्रवर्द्धन गरी लोकतान्त्रिक शासनप्रणाली र सामाजिक न्याय स्थापना गरी लोकतन्त्रको दायरालाई फराकिलो गर्दै लैजाने ।

- **नयाँ शक्तिको उद्देश्य** (goals)

  क) नेपाललाई सवल, सक्षम र उन्नत राष्ट्र बनाउने

  ख) सबै जनतालाई लोकतन्त्रका आर्थिक र सामाजिक प्रतिफलको समानुपातिक वितरण गर्न

  ग) सबै जनतालाई राज्यको पहुँचमाथि समान अधिकार उपलब्ध गराई समावेशी र न्यायिक समाजको निर्माण गर्ने ।

  घ) जनताको आफ्नो जीवनयाँपन स्वयं निर्धारण गर्न सहयोगी राज्य निर्माण गर्ने ।

- **नयाँ शक्तिको रणनीति** (strategy)
  - क) लोकतान्त्रिक पद्दतिलाई सुदृढ गराउने ।
  - ख) सरकार र राजनीतिमा सहभागिता बढाउने ।
  - ग) समावेशी र गतिशील नागरिक समाजलाई बढावा दिने ।
  - घ) राज्य प्रणालीका विभिन्न चरणमा क्षमता विकास गर्दै लैजाने ।
  - ङ) समाजका असहाय, विपन्न र गरीब वर्गको राज्यबाट प्रदान गरिने सेवा र सुविधामा पहुँच बढाउने ।
- **नयाँ शक्तिको मूल्य र मान्यता** (values & norms)
  - क) जवाफदेहिता, पारदर्शिता र प्रभावकारीताख) सबैखाले भेदभाव र थिचोमिचोको अन्त्य गर्ने
- **नयाँ शक्तिका कार्ययोजनाहरु** (Action Plans)
  - क) नयाँ शक्तिलाई ३ चरणमा विभाजन गर्ने
    - तयारीको चरण
    - डिजाइन र मूल्यांकन
    - कार्यान्वयन
  - ख) अन्य दलसंगको सहकार्य
    - साझा सवालमा सहमति गर्ने
    - अन्तरदलीय कार्यटोली निर्माण गर्ने
  - ग) राष्ट्रिय अभियान
    - प्रचार-प्रसार
    - राष्ट्रिय संवाद
    - क्षेत्रीय संवाद
    - अन्तरदलीय अन्तरक्रिया
  - घ) अग्रगामी कार्यक्रम
    - नयाँ वैकल्पिक विचार सहितको नयाँ पार्टी निर्माण
    - पार्टी एकीकरण
    - नयाँ शक्तिको राष्ट्रिय स्वामित्व निर्माण

## १०. समकालिन विश्वका वैकल्पिक विचारका वहसहरुः

मथि नै चर्चा गरिसकिएको छ कि समकालिन विश्वमा विद्यामान राजनैतिक दर्शन पार्टी नेतृतव संगठन कार्यक्रम र कार्यशैलीले समकालिन समाजको अपेक्षालाई पुरा गर्न सकिराखेको छैन । समाजका समस्याहरु जटिल वन्दै गैराखेका छन् । सामाजिक अन्तरविरोधहरु झन भन्दा झन गहिरिदैछन् । राजनीति सेवाको विषय रहेन यो त व्यापार वन्न पुग्यो । जनताको आकर्षण भन्दा विकर्षण राजनीतिले पदैदा गरयो राजनीतिमा अवान्छित तत्वहरुको हावी वन्न पुग्यो । राजनीति भन्नासाथ मानिसहरु ओठ लेप्ग्याउने ठाउमा पुगे ईमान्दारिता र राजनीतिको कुनै साईनो छैन भन्ने स्तरमा विमर्श हुन थाले । निश्चय पनि यो सुखद पक्ष होईन । विकसित मुलुकमा जनताको राजनीतिमा लगाव छैन । विकासोन्मुख मुलुकहरुमा राजनीतिमा ईमान छैन । यसबाट सारा समाज ग्रस्त छ । अन्तत राजनीति सवै नीतिहरुको गुरु हो । राजनीतिको शुद्धिकरण विना अरु कुराको शुद्धिकरण संभव छैन । त्यसैले संसार भरी नै वैकल्पिक राजनीतिको अभियान चलेको छ ।

१. डेनमार्कः वैकल्पिक विचारको राम्रो र सफल उदाहरणका रुपमा डेनमार्कको अल्टरनेटिभ पार्टीलाई लिन सकिन्छ । डेनमार्कमा UffeElbæk ले १७ सेप्टेम्वर २०१३मा लामो समयदेखि सांसद र मन्त्री वनाएको पार्टी सोसल लिवरल पार्टी परित्यागको घोषणा गरे र नयाँ पार्टी वैकल्पिक पार्टीका नाममा स्थापना गरे । वैकल्पिक पार्टी दर्ता गर्नकालागि आवश्यक पर्ने मतदाताको हस्ताक्षर डेनमार्कको यो वैकल्पिक पार्टीले २०,२६० हस्ताक्षर संकलन गर्न पर्नेमा सो भन्दा वढी संकलन गर्न सफल भयो र २०१५ मा भएको संसदको निर्वाचनमा उसले ९ सिटमा विजय हासिल गरेर संसदको छैठौ पार्टीका रुपमा स्थापित भएको छ भने यतिवेला सरकारको विपक्षी दलका रुपमा आफनो उपस्थिति देखाएको छ । UffeElbæk पार्टी नेताका रुपमा छन् भने पुरै सरकारी निकायहरुलाई वाकी आठ भागमा विभाजन गरेर सवै संसद सदस्यहरुलाई विषयगत प्रवक्ताका रुपमा कार्यविभाजन गरेर पार्टी संचालन गरेका छन् ।

   विद्यामान राजनीतिक दलहरु जनताबाट धेरै टाढा पुगेका र औपचारिक लोकतन्त्रमा सिमित भएको निष्कर्षमा पुग्दै उजे उफेक पार्टी निर्माणको प्रकृया लाई पनि परिवर्तन गर्ने अठोटका साथ लागे । सधै सवै कुराको विकल्प हुन्छ र यो राजनैतिक अवधारणा हो भन्ने मान्यतालाई स्थापित गराउन प्रयत्नरत छन् । पार्टी निर्माण माथिबाट हुने प्रकृयालाई गलत भन्दै तलबाट पार्टी निर्माण गर्नु पर्ने र पार्टीको नीति निर्माण योजना तर्जुमा र यसको कार्यान्वयन र मुल्यांकन सवै तहमा सवैको स्वामित्व स्थापित गर्ने धेयका साथ नयाँ अवधारणा सहित राजनीतिमा कृयाशिल छन् ।

२. अमेरिकामा वैकल्पिक राजनीतिक धारका रुपमा **टि पार्टी मुभमेण्ट**का रुपमा अभियान संचालित भयो । मार्च २७ २८ २०१० मा करिव ७००० सो पार्टीका समर्थकहरु सिनेटर हेरि रेईडको गृह नगरमा जम्मा भए र ग्रुप ४२ नामक

नगर वस यात्रा आरम्भ गरेर राजधानी वासिंटनमा अन्त गरे जसबाट सरकारबाट असन्तुष्टहरुको समर्थन वटुल्न समर्थ भए । त्यही हप्तामा अर्को कफि पार्टीको आयोजना भयो जसले राज्यव्यापि अभियान कफि हाउसहरुबाट आरम्भ गरयो जसको साधन फेसवुकलाई वनाईएको थियो सो अभियानको मकसद राजनीतिमा नागरिकहरुको सहभागिता वढाउनु थियो । राजनीतिमा नागरिक सम्वाद अभियानको देशव्यापि अभियानको आरम्भ थियो ।सो अभियानको मुख्य नारा यस्तो वनाईएको थियोः "our government is diseased, but you don't abandon it because it's ill."

३. अमेरिकामा Socialist Alternative का नाममा वैकल्पिक आन्दोलन जारी छ । सन् १९८६ मा मजदुर लडाकुहरुद्धारा स्थापना गरिएको मजदुरहरुको अन्तराष्टिय समिति अमेरिकामा पुग्यो र राजनैतिक गतिविधिमा संलग्न हुन थाल्यो । १९९०को दशक सम्म पनि ट्रड युनियन मुभमेण्टकै रुपमा मात्र रहेको भए पनि लेवर पार्टीको एक हिस्साको रुपमा काम गर्न थाल्यो । पछिल्लो चरणमा राष्ट्रपति निर्वाचनका वखत डेमेक्र्याटिक उम्मेदवारका विरुद्ध उम्मेदवारी दिन पर्ने माग यो समुहको थियो तर लेवर पार्टी केन्द्रले यो प्रस्ताव अस्विकार गरेका कारणले नयाँ लेवर पार्टीका रुपमा स्थापना भयो र विश्वव्यापिकरण विश्व वैक आईएमएफ विश्व व्यापार संगठन जस्ता संगठनहरुको खारेजीको माग गर्न थाल्यो भने सवै रिणहरु मिन्हा गर्ने प्रस्ताव अघि सारयो । कागजात नभएका आप्रवासीहरुलाई वैधता दिन र वैक तथा वित्तिय संस्थाहरुमा जनताको स्वामित्व स्थापित हुन पर्ने माग पनि गर्न थाल्यो । २००४ तिर यो पार्टीले ईराक र अफगानिस्तानका विरुद्ध युद्ध घोषणा गरेका वखत सो युद्धका विरुद्धमा जनमत तयार गर्ने काम गरयो । युवाहरु सेनामा भर्ति गर्ने कुराको विरुद्धमा स्कुलहरुमा अभियान संचालन गरयो । १९९६ देखि २००८ सम्म चारवटा निर्वाचनमा राल्फ नडारलाई समर्थन गरेको भए तापनि २०१२ को निर्वाचनमा भने ग्रिन पार्टीका उम्मेदवारलाई समर्थन गरयो । ओवामाको कटु आलोचक यो पार्टीले २०१३ को निर्वाचनमा सियाटल नगरको परिषदमा आफनो उम्मेदवारलाई जिताउन सफल भए पछि सवैको ध्यान खिच्न सफल भएको छ ।

४. The Euroskeptics वेलायत यूरोपियन युनियनको १९७३ देखिको सदस्य हो । यद्यपि वेलायतले आफनो छुटटै मुद्रा संचालनमा ल्याएको छ । तथापि युरोपियन युनियनबाट वेलायत वाहिरिन पर्छ भन्ने आवाज जनस्तरमा वृद्धि हुदै गएको छ र The Euroskeptics नामक पार्टीले युरोपियन युनियमा वसीरहदा यसका सदस्य राष्ट्रहरुको सार्वभौमसत्ता कमजोर वनाउने तर्क गर्दै युरो छाडन पर्ने अभियान संचालन गरिआएको छ । यसले १९९४ मा स्वतन्त्र यु के पार्टी गठन तर्फ आईपुग्यो । आरम्भमा जम्मा London School of Economics मा जम्मा छ जना व्यक्तिको अगुवाईमा अभियान संचालन गरियो जुन अहिले वेलायतको चौथो पार्टीका रुपमा स्थापित भएको छ । यो पार्टीले विस्तारै समर्थन प्राप्त गर्दै गएको छ ।

५. The Modern Whig Party नामक पार्टी १९औ शताव्दीमा करिव २० वर्षजति अस्तित्वमा आयो। अमेरिकी राजनीतिको केन्द्रमा नै रहयो। अब्राहाम लिंकन सहित थुप्रै राष्ट्रपतिहरु पनि यही पार्टीबाट निर्वाचित भएका थिए। तर दासप्रथाका वारेमा एक मत नहुदा यो पार्टी विभाजित भयो र लामो समय कमजोर उपस्थितिमा रहयो तथापि हालसालै यो पार्टीले फेरि नयाँ स्वरुपमा वैकल्पिक अभियान आरम्भ गरेको छ। खासगरी यो पार्टीले ईराक र अफगानिस्तानमा अमेरिकी सेनाको तर्फबाट लडेका योद्धाहरुको मुख्य अगुवाईमा यो अभियान संचालन गरेको छ। आजकल अमेरिकामा भनाई नै छ लामो विश्राम पछि जनताको अधिकार पुनस्थापित गराउने र आन्तरिक रुपमा अमेरिकाको आर्थिक समाजिक अवस्थामा सुधार गर्ने अभियान सहित उनीहरु फर्के।

६. The Polish Beer Lovers' Party नामक यो पार्टी पोल्याण्डको कम्युनिष्ट शासनको अन्त पछिको १९९१को निर्वाचनमा संसदमा १६ सिट सहित उपस्थित भएको थियो। यदपि केही समय पछि नै पार्टी विभाजनको शिकार भयो तथापि पोल्याण्डको आथिक विकासको एजेण्डा सहित वैकल्पिक अभियान सहित २०१० देखि अगाडि आएको छ।

७. Alaskan Independence Party (AIP) अमेरिकामा यो पार्टी वैकल्पिक अभियानको आन्दोलनमा छ। २०१० मार्चबाट अभियान संचालन गर्दै अघि वढेको यो पार्टी अमेरिकाको पृथकतावादी पार्टीका रुपमा चिनिन्छ। १९७० बाटै आरम्भ भएको भए पनि २०१० सम्म आईपुग्दा ७०००० भोटरको समर्थन प्राप्त गरेको पाईन्छ। यो पार्टीका नेता Joe Vogler Joe Vogler म अलास्कावासी हु म अमेरिकन हैन भन्ने गर्दछन् र अलास्काको स्वतन्त्रताकालागि निरन्तर अभियान संचालन गर्ने वताउने गरेकाछन्। The Second Vermont Republic, founded in 2003 by economics professor Thomas Naylor, above, is "committed to the peaceful return of Vermont to its status as an independent republic."

८. The Freedom Party नामक पार्टीले नेदरल्याण्डमा ईस्लाम विरोधी पार्टीका रुपमा आफुलाई चिनायो। सार्वजनिक स्थलमा वुर्का लगाउन नपाईने घोषणा गरयो र यो उर्दी सरकारले लागु गर्न पर्ने माग पनि राख्यो। यही अभियानका कारण निर्वाचनमा भारी मत प्राप्त पनि गरयो। समर्थन वढाउन सफल पनि भयो। ईस्लाम भनेको संसारकै पछौटे धर्म हो भन्दै यसलाई हिटलरको मैन कैम्फ संग तुलना गर्दै ईस्लाम विरोधी चलचित्र पनि वनाए। जसका कारण वेलायतले यसका नेतालाई वेलायत प्रवेशमा रोक लगाए। यो प्रतिवन्ध पनि नेदरल्याण्डमा ईस्लाम विरोधी जनमतकालागि आकर्षण गर्ने माध्यम समेत वन्यो। २०१०को निर्वाचनमा नेदरल्याण्डको राजधानी हेग नगरमा दाश्रो ठुलो पार्टी वन्ने हदसम्मको भोट प्राप्त गर्न सफल भयो। Party leader Geert Wilders, आगामि निर्वाचनमा अझै लोकपृयता हासिल गर्ने विश्वास व्यक्त गर्दछन्।

९. Pirate Parties International. स्वीडेनमा वैकल्पिक अभियान संचालन गर्न स्थापित भएको पार्टी हो यो पाटीले पेटेण्ट राईट तथा कपिराईट कानुनको सुधार अभियान संचालन गर्ने मुख्य कार्यसुचि वनाएको पाईन्छ। २००६ मा स्थापना भएको यो पार्टी सदस्यताका हिसावले स्वीडेनको तेश्रो ठुलो पार्टीका रुपमा स्थापित भएको छ। संसार

भरीका ३३ देशमा फैलिएको यो पार्टी संसार भरीका यो सम्वद्ध पार्टीहरुको छाता संगठनका रुपमा पनि स्थापित भएको छ।

१०. U.S. Marijuana Party नामक पार्टी अमेरिकाको कालोराडो राज्यमा स्थापना भएको पार्टी हो। यो पार्टीको मुख्य नारा असंवैधानिक रुपमा गाजामाथिको प्रतिवन्धको अन्त गरौ भन्ने रहेको छ। यही नाराका आधारमा लोकपृय वन्दै गएको छ।

११. ल्याटिन अमेरिकामा वैकल्पिक राजनीतिक अभियान: Bolivarian Alliance of the Peoples of Our Americas (ALBA) नामक अभियान यो क्षेत्रकै भिन्न अभियान हो। Venezuela, Bolivia, Ecuador and Cuba, लगायतका आठ देशका क्रान्तिकारी सरकारहरुको अगुवाईमा र सामाजिक आन्दोलनहरु समेत गरी विभिन्न २२ संघ संस्थाहरुको सहभागिता थियो। यो आन्दोलनको भेला मे २०१३ मा ब्राजिलमा सम्पन्न भएको थियो । खासगरी पुजिवाद उदारवाद नवाउदारवाद र साम्राज्यवाद विरोधी मोर्चाका रुपमा यो क्षेत्रका सरकार प्रमुख तथा व्यापारिक नेतृत्व समेतको सहभागिता थियो । यो सम्मेलनको मकसद आपसी एक्यवद्धता आपसी सहयोग र ल्याटिन अमेरिकी स्वतन्त्रता भन्ने छ। महादिपिय स्तरको यो सम्मेलनको घोषणा पत्रमा आपसी एक्यवद्धता र नव उदारवाद र साम्राज्यवाद विरोधी मंचका रुपमा स्थापित गर्ने वताईएको छ ("build continental integration of social movements from below and from the left, promoting ALBA and peoples' solidarity against imperialism's project".]

Bolivarian Alliance of the Peoples of Our Americas (ALBA) **नामक अभियानको सदस्यताको स्थिति:**

| Common name | Official name | Date joined | Population | Area (km²) | GDP PPP (US$ bn) | Capital |
|---|---|---|---|---|---|---|
|  Antigua and Barbuda | Antigua and Barbuda | 2009-06-24 | 85,632 | 442 | 1.575 | St. John's |
|  Bolivia | Plurinational State of Bolivia | 2006-04-29 | 9,119,152 | 1,098,581 | 50.904 | La Paz |
|  Cuba | Republic of Cuba | 2004-12-14 | 11,451,652 | 110,861 | 114.100 | Havana |

| Common name | Official name | Date joined | Population | Area (km²) | GDP PPP (US$ bn) | Capital |
|---|---|---|---|---|---|---|
| Dominica | Commonwealth of Dominica | 2008-01-20 | 72,660 | 754 | 0.977 | Roseau |
| Ecuador | Republic of Ecuador | 2009-06-24 | 14,573,101 | 256,370 | 134.805 | Quito |
| Grenada | Grenada | 2014-12-14 | 109,590 | 348.5 | 1.467 | St. George's |
| Nicaragua | Republic of Nicaragua | 2007-02-23 | 5,891,199 | 129,495 | 18.878 | Managua |
| Saint Kitts and Nevis | Federation of Saint Christopher and Nevis | 2014-12-14 | 54,961 | 261 | 1.087 | Basseterre |
| Saint Lucia | Saint Lucia | 2013-07-20 | 180,870 | 617 | 2.101 | Castries |
| St. Vincent and the Grenadines | Saint Vincent and the Grenadines | 2009-06-24 | 120,000 | 389 | 1.259 | Kingstown |
| Venezuela | Bolivarian Republic of Venezuela | 2004-12-14 | 28,199,825 | 916,445 | 374.111 | Caracas |
| ALBA-TCP Totals | 11 Countries | – | 69,694,091 | 2,514,563.5 | 641.136 | |

मथि उल्लेखित मुलुकहरुका अतिरिक्त सुरिनाम विशेष अतिथि सदस्यका रुपमा र हाइटी पर्यवेक्षक सदस्यका रुपमा उपस्थित थिए भने दुवै मुलुक सदस्यता लिनमा ईच्छुक रहेका छन् ।

उपरोक्त वैकल्पिक अभियानको तथ्यलाई नियाँल्दा लगभग सवै अभियानहरु विल्कुल अलग धारको कार्यसुचि समातेर अघि वढेको पाईन्छ । मुलधार हैन प्रतिधार समातेर अगाडि वढेको पाईन्छ । जिउदो माछा पानीका विरुद्धमा एण्टी करेण्ट हिडछ ,मरेको माछा पानीसंगै वग्छ । वैकल्पिक अभियानको मुल मक्सद तत्कालका लागि अस्वभाविक जस्तो देखिने तर कालान्तरमा सो कुरा सत्य ठहरिने अवस्थामा आईपुग्ने रहेछ। यसकारण यी अभियानहरुलाई संसारका प्रमुख वैकल्पिक अभियानका रुपमा लिने गरिएको छ ।

- सामान्यतया वैकल्पिक राजनैतिक अभियानहरुलाई नियाँल्दा युरोपियन मुलुकमा नयाँ समाजिक आन्दोलनहरुका रुपमा र अमेरिकामा भने विवादास्पद राजनीतिका भरमा वैकल्पिक राजनीतिको अभियान संचालन गरेको पाईन्छ । ल्याटिन अमेरिकी मुलुकमा भने साझा मुद्दाहरुमा भने समान धारणा राख्ने राष्ट्रहरु संघ संस्थाहरु र सरकारहरु समेत एकसाथ काम गर्ने प्रकृतिका देखिएका छन् ।
- २१ औ शताव्दीको वैकल्पिक आर्थ राजनीति वारेको ताजा अनुसन्धानको निष्कर्ष निम्नानुसार रहेको समेत पाईन्छ ।
- New movements seek a cooperative, caring, and community-nurturing economy that is ecologically sustainable, equitable, and socially responsible —one that is based on rethinking and democratizing the nature of ownership at every level.
- The inability of traditional politics and policies to address fundamental challenges has fueled an extraordinary amount ofexperimentation in communities across the United States and around the world.
- We seek to define sufficiently clear options for “the next system” so that we can radically expand the boundaries of political debate in the United States and help give greater clarity of long term direction to activists, researchers, and practitioners—and to millions of others.
- The proper system design goal is an economy that maintainsecological balance between aggregate human consumptionand the regenerative capacity of the biosphere while maintainingan equitable distribution of real wealth and supporting deep democracy.
- Putting an end to the prevailing neoliberal opposition to fullemployment will require an epoch-defining reallocation ofpolitical power away from the interests of big business andWall Street.
- Community ownership, cooperatives, municipal enterprise, and a host of kindred institutional forms all represent ways in which capital can be held in common by small and large publics.

- Over time, a fundamental shift in the ownership of wealth and incooperative culture is projected as a significant basis of supportfor policies leading to greater equality
- It is time to get beyond the rigid belief that top-down corporatecapitalism and anti-democratic state socialism are the only optionsavailable.
- New Political-Economic Possibilities for the Twenty-First Century, March 2015

Gar Alperovitz<br>James Gustave Speth & Joe Guinan

अनुसूची १

# नयाँ शक्ति निर्माण अभियान

के तपाई आफ्नै जीवनकालमा नेपाल विकसित र समृद्ध भएको देख्न चाहनुहुन्छ ? के युद्ध र हिंसा, विकासे संसार र गरिबी, बढ्दो बेरोजगारी र गतिहीन सरकार, खस्कँदो पर्यावरण र बाध्यकारी विदेश पलायनबाट मुक्त हुन चाहनुहुन्छ ? के देशमा विद्यमान निरन्तर अशान्ति र अस्थीरतालाई दीगो शान्ति र स्थीरतामा रुपान्तरण गर्न चाहनुहुन्छ ? के तपाई समावेशी विकास र रोजगारीसहितको आर्थिक वृद्धि चाहनुहुन्छ ? के तपाई राजनीतिलाई निजी स्वार्थको फोहरी खेलबाट राष्ट्रसेवाको पवित्र कर्ममा बदल्न चाहनुहुन्छ ? के यी प्रश्नहरुलाई निकास दिने व्यवहारिक अभियानमा सहभागी हुने चाहना छ ? यदि यी प्रश्नका दीर्घकालीन हल गर्ने आकांक्षा र चाहना छ भने नयाँ शक्ति निर्माण अभियानको चालक शक्ति बन्नोस् ।

त्यस्तो नयाँ शक्ति जसले अग्रगामी परिवर्तनलाई गति दिन्छ र राष्ट्रिय औद्योगिक पूँजीवादको विकास गर्दै समाजवादी रुपान्तरणको लागि स्थायी जग बसाउँछ । हामी सबैले, मूलतः युवा समुदायले, निर्णायक भूमिका खेल्दै स्वाधीन, समावेशी र समृद्ध राष्ट्र बनाउने संकल्प गरौं ।

## १. नयाँ शक्ति नै किन ?

जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन, जनजाति आन्दोलन लगायत सत्तरी वर्षको लामो संघर्षपछि हामीले लोकतान्त्रिक क्रान्ति मूलतः पूरा गरेका छौं । अबको पालो आर्थिक क्रान्तिको हो । तर हालका राजनीतिक दलहरु र उनीहरुको नेतृत्व वा गठबन्धनमा बन्ने सरकारले राजनीतिलाई जनसेवी बनाउने र तीब्र आर्थिक क्रान्ति गर्ने कुनै सम्भावना छैन । राजनीति जनसेवी नहुने वित्तिकै राज्यका स्थायी संरचना समावेशी, सहभागीतामूलक, र जनताप्रति जवाफदेही रहने सम्भावना हुन्न । त्यसको अभावमा समावेशी विकास सम्भव हुँदैन । यस्तो स्थायी संकटबाट निस्कन नेपाली राजनीतिमा नयाँ शक्तिको ऐतिहासिक आवश्यकता खट्किएको छ । नयाँ शक्तिले मात्र राजनीतिलाई जनसेवी बनाउँदै समावेशी विकासको बाटो खोल्न सक्छ । नयाँ शक्तिले मात्र नेपाली समाजको विविधतालाई सम्बोधन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रलाई सही गति दिन सक्छ । नयाँ विचार, नयाँ कार्यदिशा, नयाँ संगठन, नयाँ नेतृत्व र नयाँ कार्यशैली सहितको नयाँ शक्तिले मात्र नयाँ युगको नयाँ कार्यभार पूरा गर्न सक्छ ।

## २. नयाँ शक्तिको वैचारिक आधार के ?

भौतिक जगतलाई प्रधान मान्ने र संसारका सबै बस्तुलाई निरन्तर गतिशीलता र परिवर्तनशीलतामा बुझ्ने द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी चिन्तनप्रणाली नयाँ शक्तिको मुख्य वैचारिक आधार हो । चलन-चल्तीको मार्क्सवादी प्रणालीलाई परिष्कृत गर्दै नेपाली परिवेश, सामाजिक विविधता र ऐतिहासिक आवश्यकता अनुसार प्रयोग र

विकास गर्न जरुरी छ । नयाँ शक्तिले त्यसैको आधारमा वैकल्पिक आर्थिक ढाँचाका विकल्पहरु पहिल्याउने छ, जसले श्रम र पूँजीको सम्मान गर्ने विधि र पद्धतिको विकास गर्छ । नयाँ शक्तिले समावेशी, समानुपातिक र सहभागितामूलक लोकतन्त्रलाई अभ्यास र प्रवर्द्धन गर्नेछ ।

### ३. नयाँ शक्तिको राजनीतिक कार्यदिशा के ?

प्रारम्भमा सामाजिक न्याय सहितको राष्ट्रिय औद्योगिक पूँजीवादको विकास गर्दै समुन्नत समाजवादको निर्माण गर्नु नयाँ शक्तिको मुख्य राजनीतिक कार्यदिशा हो । सडक, सदन र सरकारका मोर्चाबाट आवश्यक गतिविधि/संघर्ष मार्फत सो लक्ष्य प्राप्त गर्ने प्रयत्न हुनेछ । व्यापक सार्वजनिक बहस र नेपालको ठोस परिस्थितिको ठोस विश्लेषणका आधारमा राजनीतिक कार्यदिशाको टुंगो लगाइनेछ ।

### ४. नयाँ शक्तिको जनआधार के ?

वृहद् श्रमजीवी समुदायको आधारभूत सरोकार, उदीयमान मध्यम वर्गको आकांक्षा र राष्ट्रिय पूँजीपति वर्गको जायज हितको सम्बोधनमा नयाँ शक्तिको जनआधार टिकेको छ । श्रम र पूँजीको आवश्यक संयोजन गर्दै दुबै पक्षलाई सम्मान गर्ने अभ्यासले नयाँ शक्तिको जनआधारलाई नयाँ उचाई प्रदान गर्छ । साथै जातीय, क्षेत्रीय, लैंगिक र जातपातजन्य लगायतका अन्य विभेद र उत्पीडनमा परेका समुदाय नयाँ शक्तिका महत्वपूर्ण आधार हुनेछन् ।

### ५. नयाँ शक्तिको संगठनात्मक संरचना कस्तो ?

पुराना शक्तिको संगठन अति-केन्द्रिकृत र व्यक्तिवादी भएकोले राजनीतिक जनसरोकारका आवश्यकता र आकांक्षादेखि विमुख भयो । एउटै संगठनमा समेत शीर्ष नेतृत्व र तल्लो तप्काका कार्यकर्ता एकअर्काबाट विमुख भए । विगतका गल्ती र कमी-कमजोरीबाट सिक्दै नयाँ शक्ति निर्माण अभियानले शुरुदेखि नै नयाँ संगठनात्मक संरचना बनाउने छ । सो अभियानले त्यस्तो पद्धतिको विकास गर्नेछ जसले अति-केन्द्रीकरणलाई नकारोस्, सामुहिक नेतृत्व विकास हुने आधार तय गरोस् र नेता-कार्यकर्ता-जनताबीचको दूरीलाई ऊँच-नीचको कसीबाट नहेरोस् । मूलतः आन्तरिक लोकतन्त्रलाई प्रवर्द्धन गर्ने र फरक मतलाई संस्थागत रुपमा सम्बोधन गर्ने संगठनात्मक विधिले महत्व पाउनेछ । संगठनका सबै तहमा श्रमिक वर्ग, उत्पीडित जाति/क्षेत्र, महिला, दलितको समावेशी समानुपातिक प्रतिनिधित्वमा जोड दिइनेछ ।

### ६. नयाँ शक्तिको नेतृत्व प्रणाली कस्तो ?

नयाँ शक्तिको गठन प्रक्रिया नै पृथक भएकोले नेतृत्व विकास गर्ने भिन्न आधार शुरुदेखि नै रहने छ । सबै तहको नेतृत्व खुला निर्वाचनबाट चयन गरिनेछ । शीर्ष नेतृत्वले दुई कार्यकालसम्म मात्र संगठनको नेतृत्व गर्नेछ । सो अवधिमा सामुदायिक नेतृत्वको विकास र प्रवर्द्धन गरिने छ जसले नेतृत्व हस्तान्तरणलाई संस्थागत गर्न सहज हुनेछ । निर्वाचित नेतृत्वले गलत आचरण गरेमा उसलाई फिर्ता बोलाउने प्रणाली सुनिश्चित गरिनेछ ।

**७. नयाँ शक्तिमा युवाको भूमिका के हुने ?**

नयाँ शक्तिको चालकशक्ति नै युवा समूह हुनेछ । यसको निर्माण प्रक्रियादेखि नै युवाहरु अत्यधिक मात्रामा र नीति निर्माणमा निर्णायक भूमिकामा हुनेछन् । केन्द्रदेखि तलसम्मका सबै कमिटीहरुमा समावेशी समानुपातिक आधारमा युवाहरुको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

**८. नयाँ शक्तिको कार्यशैली कस्तो ?**

नयाँ शक्ति निर्माण अभियान आफैंमा नयाँ प्रयोग हो । यसले शुरुदेखि नै सबै प्रक्रियामा व्यापक सहभागितामा जोड दिँदै आएको छ । प्रारम्भिक चरणदेखि नै आर्थिक कारोवार र निर्णय पद्धतिलाई समेत पारदर्शी राखिनेछ । नयाँ विचार र नयाँ विकल्पको खोजी गर्ने क्रममा नयाँ शक्तिले विधिको शासन र जवाफदेही कार्यशैलीलाई संस्थागत गर्नेछ । समतामूलक र उन्नत सँस्कृतिलाई प्रवर्द्धन गरिनेछ । भ्रष्टाचारजन्य गतिविधिलाई कडाइपूर्वक नियन्त्रण गरिनेछ। सबैको सम्पत्ति विवरण आवधिक र पारदर्शी बनाइनेछ । नयाँ शक्तिले राजनीतिलाई व्यवसाय होइन स्वेच्छिक सेवाको रुपमा स्थापित गर्नेछ ।

**९. नयाँ शक्ति जनताको दैनिकीसँग कसरी जोडिन्छ ?**

पुराना शक्तिहरु आम जनताको जीवनका दैनिकीदेखि धेरै विमुख छन् । नयाँ शक्तिले निरन्तर जनतासँग जोडिने र उनीहरुका रोजगारी, शिक्षा, स्वास्थ्य, गास, बास र कपासको आधारभूत आवश्यकतालाई हल गर्ने जनमुखी राजनीति गर्नेछ । जनता र राज्यका अंगहरुको बीचमा नयाँ शक्तिले पुलको काम गर्नेछ। स्वेच्छिक श्रम परिचालन गरेर स्थानीय विकास-निर्माण र सामाजिक/साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्नेछ ।

**१०. नयाँ शक्तिको कार्यकर्ता व्यवस्थापन कसरी हुन्छ ?**

नयाँ शक्ति एउटा पार्टी मात्र नभएर एउटा विशाल र दीर्घकालीन अभियान र आन्दोलन पनि हो, जसका लागि लाखौं स्वयंसेवी नेता/कार्यकर्ताहरुको अविरल प्रवाह आवश्यकता पर्दछ । पुरानो शक्तिमा झैं नयाँ शक्तिमा नेता र कार्यकर्ताबीच श्रेणीगत विभेद हुनेछैन, खालि श्रमविभाजन मात्र हुनेछ । साथै पुरानो शक्तिमा झैं ‘जागिरे’ र ‘व्यवसायी’ मानसिकता नभएर स्वयंसेवी चरित्र र भाव हुनेछ। त्यसैले केही पूर्णकालीन नेता/कार्यकता बाहेक अधिकांश नेता/कार्यकर्ता अंशकालीन स्वयंसेवक हुनेछन्, जो उत्पादन कार्य वा व्यवसायमा जोडिएका हुन्छन् । अतः नयाँ शक्तिले नेता/कार्यकर्ता व्यवस्थापनको खुला र पारदर्शी विशिष्ट नीति तय गर्नुपर्दछ ।

**११. शहीद तथा वेपत्ताका परिवार र घाइतेबारे के हुन्छ ?**

यो नयाँ युग परिवर्तन विगतको जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, थरुहट आन्दोलन, जनजाति आन्दोलन लगायत विभिन्न आन्दोलनको योगफल स्वरुप भएकाले ती सबै आन्दोलनका शहीद तथा वेपत्ताका परिवार र घाइतेहरुको व्यवस्थापन र सुरक्षाको नैतिक जिम्मेवारी नयाँ शक्तिले लिनुपर्छ र त्यसका निम्ति पार्टी र मूलतः राज्यबाट लागू गर्ने गरी विशेष योजना/कार्यक्रम बनाउनुपर्दछ ।

## १२. नयाँ शक्तिको आर्थिक विकासको ढाँचा कस्तो ?

नयाँ शक्तिले विज्ञहरु र निजी क्षेत्र समेतको सहभागितामा तत्कालीन, अल्पकालीन र दीर्घकालीन आर्थिक विकासको योजना निर्माण गरी सार्वजनिक गर्नेछ । अर्थतन्त्रको वैकल्पिक आधारहरु निर्माण गर्दा रोजगारीसहितको आर्थिक वृद्धि र समावेशी विकासलाई अर्थतन्त्रको मेरुदण्ड बनाउनेछ । नयाँ शक्तिको आर्थिक ढाँचाले पुनर्वितरणसहितको आर्थिक समृद्धिलाई केन्द्रमा राख्नेछ । युवा वेरोजगारीको अन्त्यलाई उच्चतम प्राथमिकता दिइनेछ । नयाँ आर्थिक ढाँचा पर्यावरणमैत्री समेत हुनेछ । विदेशी परनिर्भरताको अन्त्य गर्न तुलनात्मक लाभका क्षेत्रहरु (जलस्रोत, पर्यटन, कृषि इ.) को विकास गरी अन्तरनिर्भर अर्थतन्त्र निर्माण गरिनेछ । चीन र भारत जस्ता ठूला अर्थतन्त्र र बजारको समुचित लाभ लिने गरी लगानी, व्यापार र विकास नीति तय गरिनेछ ।

## १३. राष्ट्रियताबारे नयाँ शक्ति के भन्छ ?

नयाँ शक्तिले खोक्रो नक्कली राष्ट्रवाद होइन प्रगतिशील राष्ट्रियताको पक्षपोषण गर्छ । त्यसका निम्ति नेपाललाई दुई ठूला छिमेकी चीन र भारतबीच ‘दुई ढुंगाबीचको तरुल’ होइन ‘गतिशील पुल’ बनाउने नीति लिनुपर्छ । साथै देशभित्रको आन्तरिक राष्ट्रिय एकता बलियो पार्ने र आर्थिक रुपले समृद्ध बनेर विदेशी परनिर्भरता र प्रभुत्व अन्त्य गर्ने नीति अनुसरण गर्नुपर्छ । सबै देशसँग पञ्चशीलको आधारमा मैत्रीपूर्ण सम्बन्ध कायम गरेर राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्नुपर्छ ।

## १४. नयाँ शक्ति कसरी बन्छ ?

नयाँ शक्ति बन्ने प्रक्रिया पनि ‘नयाँ’ हुनुपर्दछ र हुन्छ । नयाँ शक्ति हिजोका पुरानै शक्तिको परिवर्तित रुप वा त्यसको एउटा टुक्रा नभएर विभिन्न पृष्ठभूमिबाट आएका तर एउटै नयाँ विचार, नयाँ कार्यदिशा, नयाँ संगठन र नयाँ शैलीमा आवद्ध व्यक्तिहरुको संगठित रुप हो । त्यसैले यसमा पुराना शक्तिहरुबाट आएका र कुनै पनि शक्ति वा संगठनमा नलागेका व्यक्तिहरु र विशेषतः युवाहरुको संलग्नता हुन्छ । यसैलाई दृष्टिगत गर्दै र सहभागितामूलक ढंगले नयाँ शक्ति निर्माण गर्ने नयाँ प्रक्रिया अपनाउँदै शुरुमा केन्द्रदेखि प्रदेश, जिल्ला र स्थानीय तहसम्म व्यापक अभियान र बहस चलाएर निश्चित अवधिपछि नयाँ शक्तिलाई राजनीतिक पार्टीको रुपमा संस्थागत गरिनेछ ।

## १५. तपाईंले के गर्न सक्नुहुन्छ ?

तपाईंको हातमा यतिबेला इतिहासको अत्यन्त ठूलो जिम्मेवारी छ । एक्काइसौं शताब्दीमा पनि विकासको पिँधमा रहेको नेपाललाई केही दशकभित्र विकास र समृद्धिको कमसेकम विद्यमान औसत अन्तर्राष्ट्रिय स्तरमा पुऱ्याएर समुन्नत समाजवादको दिशामा अघि बढाउने गौरवशाली जिम्मा तपाईं हाम्रो हातमा छ । त्यसैले आउनोस्, यो नयाँ शक्ति निर्माण अभियानमा सक्रिय सहभागी बनौं ! घरघरमा, टोलटोलमा, गाउँमा, शहरमा, क्याम्पसमा, फ्याक्ट्रीमा, कार्यालयमा, देशमा र विदेशमा अर्थात हामी जहाँ-जहाँ छौं त्यहाँ नयाँ शक्तिबारे बहस छलफल गरौं, प्रचार गरौं, सुझाव दिऊँ, सदस्य बनौं, अभियन्ता बनौं ! समृद्ध नयाँ नेपाल आफ्नै जीवनकालमा निर्माण गरौं !

## नाराहरु

१. नयाँ शक्ति अभियानमा सहभागी बनौं !

स्वाधीन, समृद्ध, समावेशी नयाँ नेपाल निर्माण गरौं !!

२. राष्ट्रिय औद्योगिक पूँजीको विकास गरौं !

समुन्नत समाजवादको आधार तयार गरौं !!

३. देशभक्ति सहितको नयाँ शक्ति !

आर्थिक समृद्धि मार्फत् जनताको मुक्ति !!

४. धेरै गऱ्यौं आन्दोलनमुखी राजनीति !

अब गरौं विकासमुखी राजनीति !!

५. नयाँ शक्तिको मूल मन्त्र !

समावेशी, समानुपातिक, सहभागितापूर्ण लोकतन्त्र !!

६. नयाँ शक्तिको मुख्य पहिचान !

पारदर्शीता-सदाचार-सुशासन !!

७. नयाँ युग, नयाँ पुस्ता, नयाँ शक्ति, !

८. हामी बनाउँछौं समृद्ध नेपाल !

९. म नयाँ शक्ति, बनौं सबै नयाँ शक्ति !

१०. नयाँ शक्ति, नयाँ नेपाल !!

अनुसुचि २

## नयाँ शक्ति निर्माण अभियन्ताहरुका लागि प्रारंभिक आचार संहिता

समाजबाट अपेक्षित र हामी आफैले अभ्यास गर्न चाहेको असल आचरण तथा व्यवहारको अभिव्यक्ति आचार संहिता हो । यो कानूनी बन्देज नभई राजनीतिक अभियान प्रतिको हाम्रा विश्वास र आस्थालाई व्यवहारमा अपनाउन मन्जुर गरेको नैतिक मार्गदर्शन हो । नैतिक मूल्य तथा मान्यताहरुको व्यवहारिक अनुशरणले हाम्रा हरेक कर्मलाई मर्यादित, समयसापेक्ष र नतीजामुखी बनाउादछ । तसर्थ, हामी नेपाली राजनीतिक प्रणालीमा रुपान्तरणमा चाहने र अभ्यास गर्न प्रतिवद्ध नयाँ शक्तिका अभियानकर्मीहरु तपसिलमा उल्लेखित मार्गदर्शन नीजि तथा राजनीतिक व्यवहारलाई अभ्यासन गर्न प्रतिवद्ध छौा ।

क. हामी लोकतान्त्रिक सिद्धान्त र नीतिलाई नयाँ तरीकाले व्यवहारमा उतार्न सक्रिय र प्रतिवद्ध रहनेछौ

१. नेपालमा भएका ऐतिहासिक राजनीतिक उपलव्धि जस्तै गणतन्त्र, संघीयता, धर्म निरपेक्षता, समानुपातीक, समावेशीता प्रति गौरव गर्दै त्यसको रक्षा गर्न र व्यवहारिक अभ्यास गर्न सदा प्रयत्नशील रहनेछौं ।

२. नेपाली राजनीति विगत ७० बर्षदेखि थााती रहेको राजनीतिक मुद्दालाई सम्वोधन गर्दै नयाँ कालखण्डमा प्रवेश गरेकोले परिवर्तित सन्दर्भमा हाम्रा राजनीतिक बिचार, चरित्र, पद्धति र व्यवहारमा परिवर्तन गर्न जरुरी भएकोले आम मानिसले देख्ने र बुझ्नेगरि त्यसको थालनी हामी आफैबाट गर्न प्रतिवद्ध छौं ।

३. नेपालका सवै राजनीतिक उपलव्धिहरुका लागि महान शहिदहरुको योगदानको स्मरण गर्नेछौं, सम्मान गर्नेछौा र हाम्रा राजनीतिक र व्यक्तिगत व्यवहारमा उहााहरुको जीवन उत्सर्गको मूल्य र मान्यता बाट प्रेरित भईरहनेछौं ।

४. हामी मानिस आफैमा सार्वभौम प्राणी हुन भन्ने कुरामा विश्वास राख्दछौा । तसर्थ सवै मानिसका आवश्यकता र चाहना फरक हुन्छन् र त्यसको प्राप्ति तथा अभ्यासको क्रममा फरक दृष्टिकोण र कार्यविधि हुनु प्राकृतिक कुरा ठान्दछौं । यस अवस्थामा मानिसहरुका विचारमा विविधता र व्यवहारमा द्वन्द्व हुनु स्वभाविक हुन भन्ने मान्दै विवादहरुको सवै पक्षलाई स्वीकार्य समाधानको खोजीमा प्रयत्नशील हुनेछौं ।

५. हामी समाजका सवै व्यक्ति, समूह र राजनीतिक संगठनको अस्तीत्वलाई स्वीकार र सम्मान गर्दछौं। फरक मत र विचारको कदर गर्नेछौा । हामी उच्च नैतिक आचरण र राजनीतिक सिद्धान्तलाई रचनात्मक रुपमा

व्यवहारमा कार्यान्वयनका लागि सवैसंग राजनीतिक प्रतिस्पर्धा गर्न तयार र प्रतिवद्ध छौ ।

६. हामी सामाजिक न्यायमा आधारित लोकतन्तान्त्रिक व्यवस्थाले घर परिवार, समाज र देशमा समृद्धि र शुसासन ल्याउाछ भन्ने कुरामा विश्वास गर्दछौ र हाम्रा सवै राजीनीतिक गतिविधिहरुलाई सचेततापूर्वक सवैका लागि सामाजिक न्यायको प्रत्याभूत गर्नेतर्फ निर्देशित गर्नेछौ ।

७. नेपाली समाजको विविधता हाम्रा अमूल्य निधि र सम्पन्नताका आधार हुन भन्ने कुरालाई मनन गर्दै राजनीतिक अभियान,दलिय गतिविधि, राज्य संचालन प्रणाली, सामाजिक तथा आर्थिक प्रकियामा सवै वर्ग, लिङ्ग, सम्प्रदाय, धर्म संस्कृति, र भौगोलिक क्षेत्रको न्यायिक र समानुपाति समावेशीता सुनिश्चित गर्न प्रतिवद्ध छौ ।

८. हामी राजनीति र राजनीतिक संस्था देशमा स्वाधिनता, समृद्धि, आत्मनिर्भरता र शुसासन प्राप्तिको साधन हुन साध्य होईनन् भन्ने कुरामा विश्वास गर्दछौा र हामीले अपनाएको राजनीतिक प्रणाली र सांङ्गठनिक गतिविधिलाई नतीजामुखी बनाउन प्रतिवद्ध छौ । हाम्रा राजनीतिक आदर्श र कियाशिलताले माथि उल्लेखित लक्ष प्राप्तिमा योगदान पुगेको प्रमाण प्राप्त भएमा मात्र हाम्रो राजनीतिक अभियान सान्दर्भिक भएको मान्नेछौ ।

९. हामी हाम्रा राजनीतिक सिद्धान्त, मूल्य मान्यता, संगठनको नीति र हामीले स्वीकार गरेको व्यक्तिगत आचरणको मानकको कार्यान्वयनमा कुनै मोलमोलाई गर्नेछैनौ ।

ख. हामी हाम्रा व्यक्तिगत आचरण र अभ्यास समाजमा अनुकरणीय बनाउने छौ ।

१. हामी सरल जीवनशैली अपनाउनेछौ । शिष्टता र विनयता हाम्रो परिचय बनाउनेछौ । आम मानिससंग विनम्र व्यवहार र सहयोगी भावना राख्नेछौा ।

२. हामी उच्च नैतिक आचरण र सामाजिक मर्यादा कायम गर्नेछौा । हामी सभ्य र समाज अनुकरणीय व्यवहार गर्नेछौ । हाम्रा दैनिक कर्मलाई समाजमा भईरहेका नकारात्मक राजनीतिक व्यवहार अन्त्य गर्ने संस्कृति बसाल्न प्रेरित गर्ने तर्फ उन्मुख गर्नेछौ ।

३. हामी परिवर्तन मबाट शुरु गर्नुपर्दछ भन्ने कुरामा विश्वास गर्दछौ । म नयाँ भए अरु नयाँ हुन्छन् र नयाँ शक्ति बन्छ भन्ने कुरामा विश्वस्त छौ । आफु नयाँ भएको मापन गर्ने मानक तयार गरी अभ्यास गर्नेछौ र आफु परिवर्तन भएको अनुभुती गर्नेछौ ।

४. हामी नीजि, राजनीतिक र व्यवसायिक जीवनमा कुनै व्यक्ति प्रति जात,जाती, धर्म,संप्रदाय, लिङ्ग, वर्ण, वर्ग वा अन्य कुनैपनि आधारमा

भेदभावजन्य व्यवहार गर्नेछैनौ । कुनैपनि प्रकारको अन्यायपूर्ण हिंसाप्रति विश्वास गर्दैनौं र त्यस्ता कर्मप्रति संलग्न रहादैनौ ।

५. हामी आम नागरिकसंग निरन्तर सम्वाद गरिरहनेछौ । नागरिक सम्वादबाट हामीलाई आम मानिसको आवाज र चाहनालाई सम्वोधन गर्न सहजता मिल्नेछ र त्यस प्रक्रियामा नागरिक सहभागीता प्राप्त भई हाम्रा राजनीतिक गतिविधि आम मानिसको जीवनको अभिन्न अंग हुनेछ भन्ने कुरामा विश्वास गर्दछौ र त्यसतर्फ साधै क्रियाशिल रहनेछौ ।

६. हामी राजीतिलाई पेशा बनाउनेछैनौ । हामी आफ्नो दैनिक जीविकोपार्जनको लागि छुट्टै पेशा, व्यवसाय वा आय आर्जनको व्यवस्था गर्नेछौ । नयाँ शक्ति निर्माण अभियानमा हामी हाम्रा नीजि चाहना र उद्देश्यहरुलाई टाढा राख्नेछौ र व्यक्तिगत स्वार्थ बाझिने गतिविधि गर्नेछैनौ ।

७. हामी व्यक्तिगत वा सामूहिक रुपमा उत्पादनशील हुनेछौ । स्थान, परिवेश अनुसार कृषि उत्पादन, उद्यम व्यवसाय, अध्ययन अध्यापन, अनुसन्धान वा अन्य पेशा व्यवसायमा अनिवार्य रुपमा संलग्न हुनेछौ

८. हामी कानूनको शासन, मानव अधिकारको सम्मान र दण्डहिनताको अन्त्य गर्नमा प्रतिवद्ध र सक्रिय रहनेछौ ।

९. हामी स्थानीय परिवेश अनुसार जनसरोकारका सामाजिक विषय वा अभियानमा सक्रिय रुपमा सहभागी हुनेछौ । जस्तै महिला हिंसा र विभेदको अन्त्य, जातीय छुवाछुतको अन्त्य, आर्थिक शोषण र अन्यायको अन्त्य, बालविवाह तथा दाईजो प्रथाको अन्त्य, वहुविवाह प्रथाको अन्त्य, भ्रष्टाचारको अन्त्य, स्थानीय श्रोत साधनको न्यायिक उपयोग, सरकारी सेवा प्रभावको गुणस्तर र न्याय, भूकम्प प्रभावित मानिसहरुलाई न्याय आदी ।

१०. हामी पुरा गर्न नसकिने वाचा गर्नेछैनौ र वाचा गरेको कुरा जुनसुकै हालतमा पनि सम्पन्न गर्नेछौ

११. निस्वार्थ मानव सेवा, इमान्दारीता, सरल जीवनयाँपन,सामुहिक कार्य, स्वाभिमान, स्वाधीनता, समृद्धि, शुसासन र सामाजिक न्याय प्रतिको प्रतिवद्धता हाम्रा साझा मान्यता हुनेछन् र नयाँ शक्ति अभियानको मुख्य मार्ग निर्देशन हुनेछ ।

ग. हामी सहभागीमूलक लोकतान्त्रिक विधिको अनुसरणमार्फत गतिशिल र सृजनशील अभियान र संगठनको विकासमा सादा प्रतिबद्ध र सक्रिय रहनेछौ ।

१. हामी व्यक्तिको सृजना र गुणलाई सम्मान र प्रवर्द्धन गर्नेछौ । नयाँ शक्ति अभियान, राजनीतिक संगठन र राज्यका कामहरुमा हाम्रो र मेरो नभई राम्रो मान्छेलाई स्थान उपलव्ध गराउनेछौ ।

२. हामी हाम्रो अभियान र संगठनको नेतृत्व आम सदस्य वा अभियानकर्मीहरुबाट निर्वाचनिय माध्यमबाट चयन गर्नेछौ । एक व्यक्ति एक भूमिकाको अनुसरण गर्नेछौ । एउटा भूमिकामा २ कार्यकालभन्दा बढी रहनेछैनौ । हामी हाम्रो नेतृत्वले जनचाहना बमोजिमको भूमिका निर्वाह गर्न नसकेमा विधिसम्मत रुपमा फिर्ता बोलाउने अभ्यास गर्नेछौ ।

३. हामी सदाचारी रहन्छौ । शक्तिको दुरुपयोग र भ्रष्टाचारजन्य गतिविधि प्रति हाम्रो अभियान, संगठन र राज्य प्रणालीमा सून्य सहनशीलताको नीति अपनाउनेछौ । जहााकहि भ्रष्टाचारजन्य गतिविधि भएको पाईएमा त्यसको सशक्त प्रतिकार गर्नेछौ र सम्वन्धित निकायमा उजुरी गरि निराकरणको लागि खवरदारी गरिरहनेछौ ।

४. हामी हाम्रा अभियान तथा संगठनका गतिविधिहरु धेरै खर्चिला र तडकभडकमूलक बनाउनेछैनौ । हाम्रा गतिविधिहरु समुदायस्तरमा आयोजना गर्नेछौ । न्यूनतम भन्दा बढी सुरक्षा व्यवस्था गर्नेछैनौ ।

५. हामी अभियान र संगठन भित्र पारस्परिक साहचर्यको वातावरण सृजना गर्नेछौ । सवै अभियन्ताहरु र नयाँ शक्तीको नेतृत्व हाम्रा सहचारी सदस्य रहनेछन् । हामी प्रत्यक सदस्यहरुको राम्रा कुराको खोजी र त्यसको प्रवर्द्धन गर्न चाहन्छौ ।

६. हामी समाजमा विवादास्पद र फौजदारी अभियोगमा कसुरदार ठहरिएका व्यक्तिलाई सार्वजनिक रुपमा गल्ती प्रती सच्चियएको आत्मालोचना विना अभियान तथा संगठनको सदस्य र नेतृत्वको भूमिकामा लैजानेछैनौ ।

७. हामी जवर्जस्ती चन्दा संकलन गर्नेछैनौ । बरु सवैलाई यो अभियानमा नैतिक, भौतिक र आर्थिक सहयोग गर्न आव्हान गर्दछौ । आम मानिसको सद्भावस्वरुप प्राप्त श्रोतसाधनले हामी हाम्रा अभियान तथा संगठन संचालन गर्नेछौ ।

८. हाम्रा आर्थिक गतिविधिहरु (आम्दानी र खर्चका श्रोत) अभियान तथा संगठनका सदस्यहरु र आम मानिसहरुवीच पारदर्शी बनाउनेछौ । हाम्रा आर्थिक श्रोत परिचालनको मान्यता प्राप्त व्यावसायिक लेखापरीक्षबाट लेखापरीक्षण गराई सार्वजनीकरण गर्नेछौ ।

९. हामी अभियानकर्मी वा नेतृत्वको वारेमा आम मानिससंग कुनै गुनासा वा उजुरी भए सो गर्न पाउने व्यवस्था मिलाउनेछौ । त्यसरी प्राप्त गुनासा र उजुरीलाई सकारात्मक रुपमा लिनेछौ र त्यसको छानवीन गरि उपयुक्त कारवाही गरि सम्वन्धित पक्षलाई जानकारी गराउनेछौ । यसबाट हाम्रो सार्वजनिक उत्तरदायित्व सुदृढ हुनेछ । आम मानिसवीच हाम्रो अभियान र संगठनको छवी उच्च हुनेछ भन्ने कुरामा विश्वास गर्दछौ ।

१०. हामी हाम्रो अभियान र संगठनको लक्ष बमोजिम आवश्यक पर्दा कुनैपनि थप वा फरक भूमिका निर्वाह गर्न तयार रहनेछौ ।

११. हामी अभियान र संगठनमा व्यक्तिको ज्ञान र सीप अनुसारको भूमिका निर्वाह गर्नेछौ । हाम्रो समाजमा परिवर्तनका धेरै विषयहरु भएकोले जसको नीति उसको नेतृत्व चाहन्छौ र त्यसको व्यवस्था गर्नेछौ ।

१२. हामी साधै उर्जाशील रहनेछौ र आआफ्नो कार्यक्षेत्रमा उदाहरणीय काम गरेर अरुहरुलाई प्रेरणाको श्रोत बन्नेछौ । हामी एक समूह एक लक्षका साथ अभियानमा लाग्नेछौ । हामी सवै मिलेर समूह कार्यमार्फत प्रभावकारी रहनेछौ भन्ने कुरामा विश्वास राख्दछौ र सोही अनुसार व्यवहार गर्नेछौ ।

१३. हामी हाम्रो अभियान तथा संगठन भित्र र वाहिर राम्रो कामको कदर गर्नेछौ र सफताको श्रेय बाड्नेछौ । हामी साधै सिक्न र परिवर्तन हुन इच्छुक रहनेछौ । तसर्थ हामी सधै आम मानिस र हाम्रो अभियान तथा संगठन र सुभेच्छुकहरुबाट रचनात्मक सुझाव सल्लाह र पृष्ठपोषणको अपेक्षा गर्दछौ ।

१४. हामी पराजयमा विनम्र हुने र विजयमा भद्र हुनेछौ । दुखमा आत्तिने र सुखमा मात्तिने छैनौ । हामी दुवै परिस्थितिलाई जनताको महत्वपूर्ण आदेशको रुपमा स्वीकार गरी भविष्यको लागि उपयुक्त कदको पहिचान गर्नेछौ । हामी हाम्रा सफलता र उपलव्धी आम मानिस वीच खुसीयाली र उत्सवका साथ मनाउनेछौ ।

१५. हामी अरु व्यक्ति वा राजनीतिक व्यक्ति र दल प्रति नकारात्मक टिप्पणी गर्ने वा आकमक हुनेछैनौा । बरु आफु वा आफ्नो अभियान तथा संगठन के राम्रो काम गर्दछौ सो को व्याख्या र अभ्यास गर्नेछौ । नीतिगत भिन्नताको विषयमा शिष्ट तरीकाले प्रतिवाद गर्नेछौ र कार्यगत सवालमा नतीजाको प्रमाणले पुष्ट्याई गर्नेछौ ।

१६. हामी अभियान र संगठन भित्र आपसमा सरसल्लाह गर्ने, संवाद गर्ने र विविध विचार वीच सहमति उन्मुख हुनेछौ । हाम्रा सम्वन्ध नेता र कार्यकर्ता जस्तो नभई अभियानकर्मी र सहकर्मी जस्तो हुनेछ । हामी हाम्रो अभियानका गतिविधि तथा संगठन संचालनमा समालोचनात्मक हुनेछौ । मनमा लागेका कुरा निर्धक्कसंग अभिव्यक्ति गर्नेछौ, शिष्ट तरीकाले प्रश्न सोध्नेछौ र जवाफदेहि तरीकाले उत्तर दिनेछौं

१७. हामी हाम्रा अभियान र संगठनको हरेक ईकाईलाई आत्मनिर्भर बनाउनेछौ । हाम्रा अभियान र संगठनका ईकाईहरु आम मानिसका लागि हुन तसर्थ ती अभियान र संगठन पनि आम मानिसले नै संचालन गर्दछन्

भन्ने मान्यता राखी केन्द्र वा माथिल्लो निकायबाट आर्थिक श्रोतको अपेक्षा गर्नेछैनौा ।

१८. हामी समाजमा सकारात्मक चिन्तनको विकास गर्ने, परिवर्तको सपना देख्ने र देखाउने, आशा जगाउने र सगै मिलेर त्यसको प्राप्ती गर्नेतर्फ क्रियाशिल रहनेछौ । हाम्रा विचार नीतिमुखी र व्यवहार जनतामुखी हुनेछन् ।

घ. हाम्रा राजनीतिक अभियानहरु जवाफदेहि तरीकाले संचालन गर्नेछौा र आम मानिसले परिवर्तनको अनुभुत गर्नेखालका बनाउन प्रयत्नशील रहनेछौ ।

१. हामी सामाजिक उत्तरदायित्वमा विश्वास गर्दछौ, आम मानिस प्रति दायित्वको वोध गर्दछौ र त्यसको परिपूर्तिको लागि साधै सक्रिय रहनेछौ ।

२. हामी परिवर्तनको सपना देख्नेछौ । त्यसको लागि व्यवहरिक नीति, नियम, रणनीति र योजनाको खाका बनाउनेछौ । आफ्नो कार्यक्षेत्र अन्तर्गत आगामी ५, १० वा १५ बर्षमा प्राप्त गर्न चाहेको नतीजाको योजना बनाउनेछौ र त्यसको प्राप्तिको लागि क्रियाशिल रहनेछौ । हामी सवै समृद्ध, शान्त र सुन्दर गाउा वस्ती र शहर निर्माण अभियानमा सक्रिय रहनेछौ । उदाहरणको लागि आगामी ५ बर्षमा हाम्रो गाउा शहर वस्तीहरुमा जातीय छुवाछुत र लैङ्गिक भेदभाव रहनेछैन, सवै वालवालिका विद्यालय जान्छन् र स्नातक पास गर्नेछन्, कृषि उत्पादन बढ्छ र युवा पलायन रोकिनेछ आदी ।

३. हामी नयाँ शक्ति अभियानको लक्ष उद्देश्य वारेमा प्रष्ट भई अरुलाई पनि सपष्ट तरीकाले बुझाउन सक्रिय रहनेछौ । नयाँ शक्ति के हो, यो किन चाहियो र कसरी सम्भव हुन्छ भन्ने वारेमा प्रभावकारी तरीकाले प्रस्तुत गर्नेछौ ।

४. हामी परिवर्तनको पक्षमा आत्मविश्वासका साथ अडिग भएर प्रस्तुत हुनेछौा । हामी कसैको डरत्रासबाट प्रभावित हुनेछैनौ । जोखीम लिन वा असफल हुनबाट हिच्कीचाउनेछैनौ । सफलता र असफलताबाट पाठ सिक्ने र त्यसलाई व्यवहारमा अभ्यास गर्न प्रतिवद्ध र सक्रिय रहनेछौ ।

५. हामी समाजमा विभिन्न वर्ग छन् र रहिरहन्छन् भन्ने मान्यता राख्दछौ । वर्तमान समयमा वर्गीय दुरी धेरै भएकोले सामाजिक उत्पिडन, आर्थिक शोषण तथा राजनीतिक वहिष्करण सृजना भई गरिवीको मात्रा धेरै रहेको कुरामा सहमत हुादै विभिन्न वर्गको खास आवश्यकता परिपूर्ति गर्ने खालका नीतिगत तथा कार्यक्रमिक गतिविधिबाट गरिवीको अन्त्य गर्न र राष्ट्रिय उत्पादन र समृद्धि अभिवृद्धि गर्नेछौा ।

६. हामी सामाजको समग्र हितको पक्षधर हुनेछौ र त्यसको लागि दरिलो अडान राख्नेछौ । हाम्रा गतिविधिहरुलाई आम नागरिक र समाजको

सेवाको लागि लक्षित गर्नेछौं । आम मानिसको जीवनमा देखिने र अनुभुत गरिने खालको परिर्वतन ल्याउन प्रतिवद्ध र क्रियाशिल रहनेछौा ।

७. हामी विश्व परिवेशमा आएको राजनीतिक र विकास प्रक्रियाको परिवर्तनको जानकारी लिने र त्यसका असल अभ्यासबाट सिक्दै आफ्नो कार्यक्षेत्रमा अभ्यास गर्नेछौं ।

८. हामी अभियानकर्मी तथा संगठनबीच र आम मानिससंग बसेर हाम्रा काम र त्यसका नतीजाको बारेमा समीक्षा गर्नेछौं । त्यसबाट सिकाई निक्यौंल गर्नेछौं । यस्ता समीक्षा गर्दा हामी को हौ, समाजले हामीबाट के अपेक्षा गरेको छ, हाम्रा आश्वासन के थिए र त्यसको नतीजा के भएको छ भनी आफू र आफनो अभियान र संगठन प्रति प्रश्न गर्नेछौं । यसबाट प्राप्त तथ्यलाई प्रतिवाद नगरि सरल रुपमा ग्रहण गर्नेछौं ।

९. समाजमा नयाँ ज्ञान, चेतना र सूचना प्रवाह गर्नेछौा । समाजमा सद्भाव, मेलमिलाप र सहकार्य अभिवृद्धि गर्न योगदान गर्नेछौं । समुदायमा आईपर्ने आपत विपद र संकटमा मानवीय सहयोग र सद्भाव पुर्‍याउनेछौा ।

१०. वातावरण संरक्षण सम्वन्धमा विशेष सक्रिय रहनेछौं । हामी वातावरणलाई प्रतिकुल प्रभाव पर्ने कुनै गतिविधि गर्नेछैनौा ।

११. हामी न्यायपूर्ण आन्दोलनको पक्षपाती हुनेछौं । न्यायपूर्ण विधिबाट कुनैपनि समस्यको समाधान गर्न सकिन्छ भन्ने कुरामा विश्वास गर्दछौा । हाम्रा सबैखाले आन्दोलनहरु शान्तिपूर्ण हुनेछन् । आम मानिसलाई असर पर्नेगरि बन्द हडताल गर्ने छैनौ ।

१२. हाम्रा सबै गतिविधिहरु द्वन्दात्मक र भौतिकवादी हुनेछन । कुनै आदर्शवादी विचरण हुने छैनन् ।

नयाँ शक्ति निर्माण अभियान सम्पुर्ण रुपमा नयाँ र उन्नत अभियान हो । यसको अर्थ हामी व्यक्तिगत रुपमा पनि नयाँ र उन्नत हुनु हो । यसको लागि हाम्रा चेतना, विचार, ज्ञान, सीप र संगठनलाई नयाँ बनाउने हो । यो आफैमा कठीन तर अत्यावश्यक काम हो । नरोजीएको सुख भन्दा रोजीएको दुख प्यारो हुन्छ भनेभै नेपाली जनताको आवश्यकता र चाहना पुरा गर्न कठीन र चुनौतीपूर्ण काम गर्न जरुरी छ । यो कसैले न कसैले गर्नुपर्दछ जुन कार्यभार नयाँ शक्तिले लिन हिम्मत गरेको छ । हामी सबै यो तथ्य वुभी अगाडि देखिएका र नदेखिएका चुनौती सामना गर्न तयार भई नयाँ शक्ति अभियानमा संलग्न छौ

म नयाँ शक्ति, हामी नयाँ शक्ति । सम्भव छ स्वाधिनता,समृद्धि र शुसासन सहितको परिवर्तन हाम्रै जीवनकालमा । हामी गर्न सक्छौ ।

- नयाँ शक्ति निर्माण अभियान

## सन्दर्भ सामाग्री सूचि


- भटराई, डा बाबुराम आजको मार्क्सवाद, रातो भिल्को २०६५
- भटराई, डा बाबुराम खाचो नयाँ शक्तिको, नेपाल साप्ताहिक २०७०
- भटराई, डा बाबुराम, नयाँ शक्ति किन ? नयाँ शक्ति निर्माण अभियान २०७२
- देवकोटा, खिमलाल, नयाँ शक्तिको खाचो, कान्तिपुर दैनिक,२०७०
- देवकोटा, खिमलाल, नयाँ शक्तिको खाचो, कान्तिपुर दैनिक, २०७२
- दाहाल, केशव नयाँ शक्तिको आवश्यकता, कान्तिपुर दैनिक, २०७२
- अभियन्ताहरुकालागि आचार संहिता: नयाँ शक्ति निर्माण अभियान २०७२
- नयाँ शक्ति सामान्य जानाकारी: नयाँ शक्ति निर्माण अभियान २०७२
- Latin America's Social Movements and the ALBA Alliance : By Federico Fuentes Global Research, May
- 27, 2013 Green Left Weekly Region: Latin America & Caribbean
- The Democratic Alternative from the South INDIA,BRAZIL AND SOUTH AFRICA : DEMOCRAVY WORKS 2014
- Seven theses on Latin American social movements and political change 01 October 2005 By KeesBiekart On Public Sector Alternatives.
- New Political-Economic Possibilities for the Twenty-First Century: *By Gar Alperovitz James Gustave Speth & Joe Guinan* March 2015.
- http://alternativet.dk/english/
- https://en.wikipedia.org/wiki/Anti-austerity_movement_in_the_United_Kingdom
- https://en.wikipedia.org/wiki/Socialist_Alternative_(United_States)
- www.socialistalternative.org
- www.wow.com/Alternative+Movements
- http://content.time.com/time/specials/packages/article/0,28804,1975807_1975805_1975981,00.html
- https://en.wikipedia.org/wiki/Socialist_Alternative_Movement
- http://khimlal.blogspot.com/2015/10/interviews-from-quito-marta-harnecker.html\
- http://khimlal.blogspot.com/2015/12/bisesh-sambad-khimlala-devkota-16th-dec_17.html
- http://khimlal.blogspot.com/2015/11/blog-post.html
- http://kantipur.ekantipur.com/news/2015-10-08/20151008081019.html
- http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=91826

